# मिक्लाजुङ गाउँपालिकाको आ.व.०७८/०७९ को

**सामाजिक परीक्षण प्रतिवेदन २०८०**
**मिक्लाजुङ गाउँपालिकाको कार्यालय**
**मधुमल्ला मोरङ**




**प्रस्तुतकर्ता**
**एकता मिडिया प्रा.लि**
**बिराटचोक, मोरंग**

## सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धि कार्यविधि २०७७ नमुना मस्यौदाको मर्म अनुसार कार्य सम्पादन गर्ने विज्ञ तथा जनशक्तिको विवरण :

### सामाजिक परीक्षकहरु :

**कुमार बस्नेत**
विषय विज्ञ
ग्रामीण विकास
**श्री लिलानाथ दाहाल :**
सुन्दरहरैंचा नगरपालिका स्वास्थ्य शाखा अधिकृतस्तर छैटौं
सामाजिक परीक्षणको विषय :
खोप तथा तथ्याङ्क
कार्य अनुभव :
२० वर्ष माथि
**सिता अधिकारी**
विषय विज्ञ : सामाजिक विकास
सुन्दरहरैंचा नगरपालिका स्वास्थ्य शाखा
**सि.ए. कुलदिप पौडेल**
विषय विज्ञ : आर्थिक मामिला

**श्री बाबुराम निरौला :**
रेडियो सुसेली कार्यकारी प्रमुख
सामाजिक परीक्षणको विषय :
सहजकर्ता
कार्य अनुभव :
१० वर्ष माथि


### सहायकस्तरका जनशक्तिहरु :

**श्री गणेश मिश्र :**
तथ्याङ्क सहायक


**बिमला श्रेष्ठ**
फिल्ड सहायक

**श्री जानुका निरौला :**
फिल्ड सहायक

# नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा




## मोरङ जिल्लाको भौगोलिक नक्सा



# मिक्लाजुङ गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय, मधुमल्ला, मोरङ**




## मिक्लाजुङ गाउँपालिकाको भौगोलिक नक्सा

**मिक्लाजुङ गाउँपालिको कार्यालय**

**मधुमल्ला, मोरङ, प्रदेश नं १**

## (मिक्लाजुङ गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधिको भूमिका)

स्थानीय तहको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्गदर्शन गर्नु यस कार्य विधिको उद्देश्य रहेको देखिन्छ। मिक्लाजुङ गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधिको भूमिका) । यसले स्थानीय तहले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप मिक्लाजुङ गाउँपालिकाको आ.व. २०७८/०७९ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ। यस संस्थालाई दिइएको जिम्मेवारी पुरा गर्ने क्रममा यस गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रसाशकिय अधिकृत, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, इन्जिनियर, लेखा प्रमुख, विषयगत शाखा (स्वास्थ्य शाखा, कृषि शाखा, पशुपंक्षि विकास शाखा, रोजगार शाखा, शिक्षा शाखा, सामाजिक विकास उपशाखा, राजश्व उपशाखा) फाँटमा कार्यरत कर्मचारी मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरू लाई संस्थाको तर्फबाट हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं । यस गाउँपालिका क्षेत्रमा निर्वाचित जनप्रतिनिधीहरु, दलका प्रतिनिधी तथा समाजसेविहरुले दिएको अमूल्य सुझाव र सर-सल्लाह प्रति समेत हामी आभारी छौँ। साथै यस मिक्लाजुङ गाउँपालिकाको सामाजिक परिक्षणका लागि खटिनु भएका यस संस्थाका सबै कर्मचारीहरु प्रति समेत हामी आभारी बन्दै आ.व. २०७८/०७९ को सामाजिक परिक्षण प्रतिवेदन मिक्लाजुङ गाउँपालिकामा प्रस्तुत गर्दछौं ।

**एकता मिडिया प्रा.लि.**
**रेडियो सुसेली १०६.३ मेघाहर्ज**

# अनुसूची-२

## (दफा १० को उप दफा ३ संग सम्बन्धित)

### १. परिचय

मोरङ जिल्लाको उत्तरी भागमा पाँचथर, धनकुटा र इलामको सिमानामा पर्ने समुन्द्री सतहबाट २४१० मिटरको उचाईमा रहेको सबै धर्मलम्बीहरुले धार्मिक स्थलको रुपमा मर्यादा र पूजाआजा गर्दै आएका उच्च पहाडी टाकुरो मिक्लाजुङको नामकरणका परापूर्वकाल देखि त्यस वरपर बसोवास गर्दै आएको राई जातिहरुले गरेको अग्रजहरुले बताउछन् । राई भाषामा 'मिकला' भनेको मालिङगो र 'चोम' भनेको टुम्पा भनेर उक्त ठाउँमा पहाडी भेगमा पाइने मालिङगोको घारीले ढाकिएको उच्च भागमा मालिङ्गोको टुप्पाले ढाकिएको हुँदा किमलाचोम राखिएको र अपभ्रम्स हुँदै मिम्लाङ भएको किम्वदन्ती पाईन्छ। यस्तै अर्को थरी किम्वदन्ती अनुसार लिम्बु भाषामा मिकला भनेको आँखा र जोम भनेको आँखाले सिधा देखिने पहाड भएको हुनाले मिक्लाजोमबाट अपभ्रम्सहुँदै मिक्लाजुङ भएको भन्ने पाईन्छ। यि दुवैभाषाबाट केही फरक देखिए पनि उच्च पहाडी टाकुरा जहाँबाट धेरै तिरको दृष्यावलोकन गर्न सकिन्छ। यस्तो स्थानलाइ मिक्लाजुङ भनिएको हो , भन्ने तथ्य मिक्लाजुङ टाकुराबाट पूर्वी नेपालका प्रदेश नं. १ का १४ वटा जिल्लाका केही भूभाग देख्न सकिने भएको पुष्टी हुन्छ ।

मिक्लाजुङ डाँडा देखि केही तल रहेको तराईका धेरै भूभाग देख्न सकिने लेख डाँडा, बतासे डाँडा, रमिते डाँडा जस्ता धेरै स्थानबाट सुन्दर प्राकृतिक दृष्यावलोकन गर्न सकिने भएकाले हाल मिक्लाजुङ गाउँपालिकाको वडा नं. १ रहेको साविकख रमितेखोला गा.वि.स को नामकरण गरिएको स्थानिय बाँसीहरुको भनाइ पाईन्छ। यसै गरी हालको वडा नं. २, ३ र ४ मा रहेको साविक टाँडी गा.वि.स. तराईबाट महाभारत डाँडा जाँदा अग्लो ठाउँमा रहेको भाग भएको हुनाले टाँडी नामकरण भएको भन्ने भनाइ पाइन्छ । यस गाउँपालिकाको दक्षिणी भागमा वडा नं. ६, ७, ८ र ९ रहेको साविक मधुमल्ला गा.वि.स. को पनि आफ्नो छुट्टै इतिहाँस छ । मधुमल्ला शव्दको शाब्दिक अर्थ मधु भनेको मह र मल्ला भनेको घर भएको र यस क्षेत्रमा माहुरीहरु प्रशस्त पाईने भएकाले मधुमल्ला नाम राखिएको भन्ने एक थरी भनाई पाईन्छ भने मधु जातको जरीबुटी पाईने क्षेत्र भएकाले मधुमल्ला भनिएको भन्ने किम्वदन्ति पनि पाईन्छ । मधुमल्ला यस क्षेत्रको ज्यादै पुरानो बजार हो । पाँचथर ,धनकुटा, ताप्लेजुङ, तेह्रथुम अति पायक पर्ने तराई र पहाडको संगममा अवस्थित मधुमल्ला बजारमा भारतको दिल्ली, कलकत्ताबाट व्यापारीहरु आउने र नुन र घिउ साट्न पाइने बजार भनेर चिनिने यस बजारमा आउने सामान भारतीय व्यापारीहरुले यस बजारमा भएको छोटी भन्सार गरी हरैंचा हुँदै रंगेली गएर व्यापार ठाउँको रुपमा मधुमल्लाको इतिहाँस पाइन्छ । पञ्चायतकालमा आदर्श गाउँपञ्चायतको रुपमा रहेको यस पञ्चायतको वाड नं. १ मधुमल्ला, वडा नं. २ तोरीबारी, वडा नं. ३ पिपलडाँगी, वडा नं. ४ हालको झापा जिल्लाको दमक न.पा.मा पर्ने दुम्से, भालुखुँडी, वेलडाँगी क्षेत्र, वडा नं. ५ हालको उर्लाबारी न.पा., वडा न. ६ झापा जिल्लाको लखनपुर गा.वि.स. , वडा नं ७ हालको वडा नं. ९, र वडा नं. ८ उर्लाबारीको झारसाँदी क्षेत्र र वडा नं ९ हालको पथरीशनिश्चरे न.पा.को केही क्षेत्र समेत रहेको तथ्य समेत उक्त क्षेत्रहरुका तत्कालिन जग्गा दर्ता धनीपूर्जा र अन्य लिखतहरुबाट समेत पुष्टी हुन्छ । मधुमल्ला बजारको तराईमा रहेको रामलिला र पहाडका जातीहरुको धान नाच सहित तीन दिन सम्म मेला लाग्ने गरेको इतिहाँसको यस वजारले छुट्टै सांस्कृतिक महत्व रहेको पनि देखिन्छ । यसै गरी यस वजारलाई जोड्ने हालको राजमार्ग निर्माण हुनु अगी धरान, लेटाङ, मधुमल्ला, विर्ता शनिश्चरे हुँदै भारतको नकलबन्द नाकासम्म जाने हुलाकी बाटो समेतले यस क्षेत्रलाई मध्य नाकाको रुपमा परिचित गरेको पाइन्छ ।

हाल भएको राज्य पुन:संरचना हुँदा साविक रमितेखोला गा.वि.स सबैलाई वडा नं. १ साविक टाँडी गा.वि.स लाई वडा नं. २, ३, ४ साविक जाँते गा.वि.स.का वडा नं. ४ र ५ लाई वडा नं. ५ तथा साविक मधुमल्ला गा.वि.स. वडा नं. ७, ८, ९ बाहेकका क्षेत्रहरुलाई वडा नं ६, ७, ८ र ९ हुने गरी वडा मिलन गरी पुन:संरचना गरी यस गाउँपालिकाको नामकरण यस क्षेत्रको समुन्द्री सतहबाट २४१० किलोमिटर उचाईमा रहेको सर्वोच्च भूभाग मिक्लाजुङ डाँडाको नाममा मिक्लाजुङ गाउँपालिका राखिएको छ। प्रदेश नं. १ अन्तर्गत मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं. १, प्रदश कमा पर्ने यस गाउँपालिकाको पूर्वमा इलाम जिल्लाको चुलाचुली गाउँपालिका र झापा जिल्लाको दमक न.पा. पश्चिममा मोरङ जिल्लाको लेटाङ न.पा, उत्तरमा पाँचथर जिल्लाको मिक्लाजुङ गा.पा., र धनकुटा जिल्लाको चौविसे गा.पा. तथा दक्षिणमा मोरङ जिल्लाकै उर्लाबारी न.पा. सिमाना रहेको छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकामा कुल ६४१७ परिवार बसोबास गरिरहेका छन् , जसमा १५५४९ जना महिला र १३१५९ पुरुष गरी कुल २८७०८ जनसंख्या रहेको छ। सोहि गणना अनुसार गाउँपालिकाको उमेरगत जनसंख्या हेर्दा ५ वर्ष मुनीको ३२४० जना,६ -१४ वर्ष (विद्यालय उमेर समुह) को जानसंख्या ६१८७ रहेको देखिन्छ।

**नामाकरण :**

मोरङ जिल्लाको उत्तरी भागमा पाँचथर, धनकुटा र इलामको सिमानामा पर्ने समुन्द्री सतहबाट २४१० मिटरको उचाईमा रहेको सबै धर्मावलम्बीहरुले धार्मिक स्थलको रुपमा मर्यादा र पूजाआजा गर्दै आएका उच्च पहाडी टाकुरो मिक्लाजुङको नामकरण परापूर्वकाल देखि त्यस वरपर बसोवास गर्दै आएको राई जातिहरुले गरेको अग्रजहरुले बताउछन्। राई भाषामा 'मिकला' भनेको मालिङ्गो र 'चोम' भनेको टुम्पा भनेर उक्त ठाउँमा पहाडी भेगमा पाइने मालिङ्गोको घारीले ढाकिएको उच्च भागमा मालिङ्गोको टुप्पाले ढाकिएको हुँदा मिकलाचोम राखिएको र अपभ्रम्स हुँदै मिम्लाङ भएको किम्वदन्ती पाईन्छ। यस्तै अर्को थरी किम्वदन्ती अनुसार लिम्बु भाषामा मिकला भनेको आँखा र जोम भनेको आँखाले सिधा देखिने पहाड भएको हुनाले मिक्लाजोमबाट अपभ्रम्स हुँदै मिक्लाजुङ भएको भन्ने पाईन्छ। यि दुवै भाषाबाट केही फरक देखिए पनि उच्च पहाडी टाकुरा जहाँबाट धेरै तिरको दृष्यावलोकन गर्न सकिन्छ। यस्तो स्थानलाइ मिक्लाजुङ भनिएको हो भन्ने तथ्य मिक्लाजुङ टाकुराबाट पूर्वी नेपालका प्रदेश नं. १ का १४ वटा जिल्लाका केही भूभाग देख्न सकिने भएबाट पुष्टी हुन्छ।

## राजनैतिक विभाजन तथा प्रशासनिक विभाजन :

मिक्लाजुङ गाउँपालिकाको स्थापना वि.सं. २०७३ मा गरिएको हो। यस अघिका अरु अलग अलग गाउँ विकास समितिहरूलाई मिलाएर यस गाउँपालिकाको घोषणा गरिएको छ। यस गाउँपालिकामा ९ वटा वडाहरू छन्। यस गाउँपालिका भित्र महत्वपूर्ण व्यापारिक केन्द्र छैनन् , छिमेकी उर्लाबारी नगरपालिकामा रहेको उर्लाबारी बजार नै यहाँको नजिकको दोश्रो ठूलो बजार हो।

## वन जङ्गल र वन्यजन्तु

मिक्लाजुङ गाउँपालिका वन जङ्गलका दृष्टिले सम्पन्न छ। यस गाउँपालिका क्षेत्रमा भएका वनभित्र खरायो, स्याल, र दुम्सी जस्ता जंगली जनावरहरू, विभिन्न प्रकारका चराचुरुङ्गीहरू र किटपतङ्गहरू भने पाइन्छन् । यहाँका खोलामा विभिन्न प्रकारका माछाका साथमा अन्य जलचर प्राणी पनि पाइन्छन् । पुतली, कमिला, धमिरा, साप, अजिङ्गर, छेपारो र अन्य प्रकारका किरामिराका साथमा अनेक प्रकारका जडिबूटी पनि यहाँ पाइने गर्दछन् । यसरी यस गाउँपालिकालाई जीवजन्तुका दृष्टिले सम्पन्न नै मान्न सकिन्छ ।

**प्रमुख प्रशासकिय अधिकृत तथा शाखा प्रमुखहरुसँगको छलफलको उपस्थिति :**

आज मिति २०८० साल जेठ ६ गतेका दिन मिक्लाजुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री डम्बर वल्लभ बराल ज्यूको अध्यक्षतामा आ०व २०७८/०७९ मा सम्पन्न योजनाहरूको सामाजिक परीक्षण कार्यक्रमलागी बसेको छलफलको उपस्थिति।

१. श्री डम्बर वल्लभ बराल प्रमुख प्रशासकीय अधिकृत
२. " चिन्तामणी पोखरेल स्वास्थ्य शाखा प्रमुख
३. " [illegible] ढकाल - सूचना प्रविधि अधिकृत
४. " नारायण श्रेष्ठ - उपाध्यक्ष लोकमाया तथा प्रशासकीय [illegible]
५. " सुमित्रा खतिवडा - कृषि स्नातक
६. " [illegible] [illegible]
७. " [illegible] [illegible]
७. " दिपक रोका क्षेत्री योजना अधिकृत
८. श्री देवराज कोइराला प्रा.ले.प. प्र. पाँचौं
९. श्री [illegible] ढकाल प्रा०स०
१०. श्री [illegible] ढकाल रो.प्रा.स.
११. श्री अर्जुन ढकाल [illegible] सहायक
१२. पूर्ण बहादुर राई अं. प्रशिक्षार्थी
१३. मीना [illegible] कृषि [illegible]
१४. दिनेश गुरुङ प्राविधिक
१५. हिमाल घिमिरे एम.आइ.एस. अपरेटर
१६. [illegible] राई CBRF
१७. [illegible] CBRF
१८. प्रतिमा न्यौपाने ड. बि. स.
१९. [illegible] रेग्मी परिचारिका
२०. लक्ष्मी [illegible] CBRF
२१. [illegible] अधिकारी प्र.न.
२२. [illegible] खनाल

प्रस्तावहरू:

प्रस्ताव नं १ समिति गठन सम्बन्धमा
प्रस्ताव नं २ विविध

निर्णयहरू:

निर्णय नं १ : प्रस्ताव नं १ माथी छलफल गर्दै [illegible]


Page

सञ्चालन ऐन २०७४ को दफा ७८ लाई व्यवस्थित गर्न सामाजिक परीक्षण सञ्चालन सार्वजनिक जवाफदेहिता प्रवर्द्धन कार्यविधि २०७६ को नमुना बमोजिम यस भएको व्यवस्था अनुसार पाँच सदस्य समिति गठन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

श्री त्र्यम्बक बल्लभ बराल प्रमुख प्रशासकीय अधिकृत संयोजक
श्री दिपक दोर्जी योजना शाखा सदस्य
श्री नारायण श्रेष्ठ करुणा फाउन्डेसन कार्यक्रम संयोजक सदस्य
श्री शमिल बान्तोला सदस्य
श्री काशीनाथ ज्ञवाली सदस्य सचिव

निर्णय नं २ : प्रस्ताव नं २ विविध मा कुनै विषय नरहेकोले बैठक समापन गरियो

## वडाहरुको तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति पुस्तिका :



आज मिति २०८०।०३।१४ गते बुधवार दिन यस मिक्लाजुङ गाउँपालिकाको गत आर्थिक वर्ष २०७८।७९ को सामाजिक परीक्षण गर्ने क्रममा यस पालिकाको वडा नं. २ को गत आर्थिक वर्ष मा सम्पन्न गरेका विकास योजनाको तथ्याङ्क लिने क्रममा यस वडाका वडा अध्यक्ष श्री बल बहादुर शेरमाको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. | बल बहादुर शेख | वडा अध्यक्ष |
| २. | अनिल ढकाल | वडा सचिव |
| ३. | उषा राई | वडा सदस्य |
| ४ | सारदा राई | मिक्लाजुङ - २ |
| ५ | रेखा कुम्सा | वडा - २ |
| ६. | सिता सम्बा | सेवा ग्राही |
| ७ | बासिम लिम्बु | '' |
| ८. | सुनिता कुँवर | '' |
| ९ | सजन प्र. राई | '' |
| १० | नविन लिम्बु | '' |
| ११. | जय प्रसाद तिम्सिना | '' |
| १२ | अम्बिका प्र. कोइराला | '' |
| १३ | मनिषा राई | '' |
| १४ | रविना राई | सेवाग्राही |
| १५ | अतिथ धमला | '' |
| १६ | विमल गजमेर | '' |

प्रस्तावहरु

१) शिक्षा अवस्था सम्बन्धमा
२) स्वास्थ विकास सम्बन्धमा
३) सामाजिक विकास सम्बन्धमा
४) कृषि तथा पशुपन्छी सम्बन्धमा
५) पूर्वाधार विकास सम्बन्धमा

Scanned with CamScanner

वडा न - २

(४) पुर्वाधार विकास सम्बन्धमा

- ~~स्कूलस्थित स्कुल समाज भवन निर्माण~~
- रचना खोला कल्भर्ट निर्माण
- झोडा खोल्सी कजवे जाली भर्ने
- रतनपुर याङसिला बाटो ट्र्याक सुधार
- चुलीपोखरी पर्यटन मार्ग ट्र्याक सुधार
- जातीफुलो नमस्ते मार्ग ट्र्याक सुधार
- याङसिला झुल्के बाटो ट्र्याक सुधार
- सिमले पोखरी बाटो ट्र्याक सुधार
- सुर्जे फेदापे बाटो —॥— —॥—
- देवीथान खानेपानी ट्याङ्की मर्मत
- तिल्केनी खेलमैदान मर्मत
- लाम्पाते खानेपानी मर्मत
- रचना खानेपानी —॥—
- अनिलचोक दक्षिण बाटो ग्राभेल
- समाधीस्थल जाने बाटो निर्माण
- सखुवे चर्च भवन मर्मत
- मकराती र अधिकारीको घरको बाटो ग्राभेल
- हर्दिया खानेपानी मर्मत
- सुर्जे खानेपानी मर्मत
- लाइखरे खोल्सी कजवे जाली भर्ने
- शिवालय मन्दिर किरातचोक सडक ग्राभेल
- स्वास्थ्य चौकी जाने बाटो ट्र्याक निर्माण

Scanned with CamScanner

(१) शिक्षा विकास सम्बन्धमा
- ५ वटा - सरकारी विद्यालय
- private Bording १ वटा
- शिक्षाको गुणस्तर सुधार गर्नुपर्ने
- मा.वि. २ नभएको
- इन्टरनेटको सुविधा नभएको । २ वटा स्कुलमा भएको ।
- शौचालयको अवस्था ठिकै छ । सामान्य पर्याप्त छैन ।
- खानेपानीको अवस्था ठिकै मात्र छ ।

(२) स्वास्थ्य विकास सम्बन्धमा
- मिक्लाजुङको ठूलो आधारभुत स्वास्थ अस्पताल निर्माण हुँदै
- १ - आधारभुत स्वास्थ केन्द्र
- आधारभुत स्वास्थ्य केन्द्र गुणस्तर देखिएको छ ।
- स्वास्थ विमा

3) सामाजिक विकास सम्बन्धमा
- जेष्ठ नागरिक सम्मान भएको - २५ जना
- अपाङ्गता सम्बन्धि प्रत्येक महिनाको २ गते शिविर सञ्चा
- महिलाको सिलाई बुनाई तालिम - २० जना
- युवा सम्बन्धि सिपमुलक तालिम -

४) कृषि विकास सम्बन्धमा
- पालिको पहलमा धानको बिउ वितरण - १६५ छ
- फलफूलको बिरुवा वितरण भएको - २२० वटा
- कृषिको लागि मल वितरण
-

CS Scanned with CamScanner

शिक्षा

सामुदायिक विद्यालय १मा.वि. ३ आ.वि.
पिउने पानीको सुविधा भएको
इन्टरनेटको सुविधा भएको
महिलामैत्री शौचालय भएको
विद्यार्थी संख्या जम्मा ३६२ जना रहेको
शैक्षिक सामग्री वितरण गरिएको सबै विद्यालयमा

स्वास्थ्य :

स्वास्थ्य चौकी रहेको थांडी वि. स्वास्थ्य चौकी
सबैले खोपको सेवा पाएका
५ जना बाल मृत्युदर भएको

युवा स्वरोजगार ~~सलिम~~ ब्राइनिङ तालीम ३१
हमीद्याप नेपालसँगको सहकार्यमा सि.टि.इ.भि.टी बाट
मान्यता प्राप्त ६५ दिने २०जना महिला तथा पुरुषलाई
तालिम प्रदान गरिएको
२० जनालाई आधुनिक कृषि तालिम ६६ दिने।
९ जनाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा काम
गरेका

कृषि

मुगु, आँपे, सखेवा, मिक्लु खोलाबाट कुलो पैनीको पानी-
ले सिँचाइ गरिएको ।
मुख्य बाली धान मकै र नगदेबालीमा केरा, आम्लिसो

पञ्चमी सिमसार र सिम्ले पोखरी पर्यटकिय क्षेत्र।
आन्तरिक पर्यटकहरूको राम्रो आगमन हुने गरेको ।

आ.वि तहका बालकक्षा देखि ५ सम्मका ७६६ जना विद्यार्थी
लाई निःशुल्क रुपमा झोला वितरण गरिएको ।

Scanned with CamScanner

यस मिक्लाजुङ गाउँपालिकाको गत आ.व. २०७८/०७९ को सामाजिक परीक्षण गर्ने क्रममा यस पालिकाको वडा नं. ५ का वडा अध्यक्ष श्री मेघनाथ तामाङको अध्यक्षतामा तपसिलको उपस्थितिमा तथ्याङ्क लिने कार्य सम्पन्न गरिएको छ।

तपसिल

१. श्री मेघनाथ तामाङ वडा अध्यक्ष
२. श्री श्यामनाथ ढुंगेल वडा सचिव
३. श्री सूर्यप्रसाद ~~ओझो~~ ओझा वडा सदस्य
४. श्री हरी फुयल
५. श्री डम्बरबहादुर राई
६. श्री चन्द्रबहादुर विश्वकर्मा
७. प्रविन्द्र लिम्बु
८. मनोज ढकाल
९. घनश्याम दाहाल
निरु लिम्बु

Scanned with CamScanner

Date:
Page:

आज मिति २०८० साल असार १३ गते बुधवारका दिन यस मिक्लाजुङ गाउँपालिकाको गत आ.व. २०७८।०७९ को सामाजिक परिक्षण गर्ने क्रममा वडागत तथ्याङ्क संकलन गर्ने क्रममा यस पालिकाको वडा नं. ४ का अध्यक्ष श्री विशाल राईज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

तपसिल

१. श्री विशाल राई वडाअध्यक्ष -
२. श्री करुणा धिमाल वडा सचिव -
३. श्री संजय थापा
४ श्री लोकनाथ आचार्य वडा.प्राउ
५. श्री दिलमाया नेम्वाङ लिम्बु दिलमाया
६. श्री भगिन्द्र वहादुर तामाङ
७. श्री बमवहादुर तामाङ
८. श्री डम्वरवहादुर विश्वकर्मा
९. श्री रेखा राई
१०. श्री गंगा मगर
११. श्री विशाल दिनाल
१२. श्री अखुशी राई
१३. श्री सनकुमार विश्वकर्मा

Scanned with CamScanner

Date: ..........
Page: ..........

## शिक्षा

सामुदायिक विद्यालय - ३ वटा आ.वि.
खानेपानीको सुविधा भएको
१ वटामा इन्टरनेट सेवा भएको
अहिल्य मैत्री शौचालय भएको।
उपाङ्गमैत्री शौचालय भएको

## स्वास्थ्य

१ वटा आधारभूत स्वास्थ्य चौकी रहेको।
१ वटा गाउँघर क्लिनिक रहेको
बाल तथा मातृमृत्युदर नभएको
सबैले खोप सेवा उपलब्ध गरेका छन्।

## कृषि

नत्रेदेवालीमा केरा खेती रहेको
तेली खोला, सोल्टी खोलाबाट कुलो पैनीमा सिंचाइ सुविधा

~~कोल्कुङ~~ कुकुङ भन्ती र मुर्चेल डाँडा पर्यटकिय क्षेत्र
फर्म दर्ता भएर बाख्रा, बंगुर र कुखुरा पालन गरिएको
घटना दर्ता अनलाइनबाट नै हुने गरेको

नागरिक वडापत्र, सुचनापाटी र सुझाव पेटीका रहेको
सामुदायिक वन ६ वटा रहेको, जसमध्ये ४ वटाको आफ्नै भवन रहेको।
वडाको आफ्नै भवन रहेको।

Scanned with CamScanner


मिक्लाजुङ गाउँपालिकाको
सामाजिक परिक्षण
छलफल सत्र
२०८०/०३/२२
स्थलगत सर्वेक्षण तथ्याङ्क सहित

**पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, कार्यपालिका सदस्यहरु, वडाअध्यक्षहरु सहितको बृहत छलफल कार्यक्रमको झलकहरु :**











**वाड नं ७ को विभिन्न स्थानको अबलोकन**







Galaxy M12


Galaxy M12


Galaxy M12


Galaxy M12


Galaxy M12


Galaxy M12




Galaxy M12


मिक्लाजुङ गाउँपालिका
४ नं. वडा कार्यालय







उपभोक्ता समिति


नौमति बाजा संरक्षण
उपभोक्ता समिति
मिक्लाजुङ-५, बेल्टार, मोरङ
मिक्लाजुङ गाउँपालिका





**वडा नं ९ को स्थलगत अनुगमन**






Galaxy M12


Galaxy M12

**वडा नं ८ को स्थलगत अनुगमन**






2023/07/07 14:39


2023/07/07 14:38


2023/07/07 14:37


2023/07/07 14:37

**वडा नं २ को स्थलगत अनुगमन**







**मिक्लाजुङ गाउँपालिकाको नव निर्मित प्रशासकिय भवन**






मिकलाजुङ्ग गाउँ पालिका
वडा नं.-१ को कार्यालय
रमितेखोला मोरङ
प्रदेश नं.१ नेपाल
कोठा नं. ५
कर्मचारी कक्ष






Janga Bahadur Rai
Ward Secretary

**वडा नं. ६ को स्थलगत अनुगमन**






**मिक्लाजुङ गाउँपालिकाको प्रशासकिय भवन**



# अनुसूची-४
## (परिच्छेद-४ को दफा ११)

## १. सामाजिक परीक्षणको पृष्ठभूमी :

समृद्ध, आधुनिक, शान्त र न्यायपूर्ण नेपालको निर्माण गर्ने संकल्प सहित सिर्जना गरिएका ऐन, नियम, कानुन र कार्यविधि सहित संचालित स्थानीय तहरुलाई स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार स्थानीय तहहरुलाई स्थानीय जनताका लागि आवश्यक सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमा नै उपलब्ध गराउन सक्ने अधिकार दिएको छ। नेपाल सरकारले स्थानीय तहलाई दिने वित्तिय समानिकरण तथा ससर्त अनुदान सहितको एकमुस्ट बजेट भौतिक, सामाजिक र आर्थिक विकासको लागि केन्द्रित गर्ने कुरामा विशेष जोड दिदै आएको छ । स्थानीय तहमा जाने बजेट त्यहाँ रहेका सम्पूर्ण आवस्यकताहरुलाई समेट्ने गरी ठूलो बजेट स्थानीय तहमा प्राप्त भएको छ ।

यसले स्थानीय तहलाई पूर्ण जिम्मेवार र उत्तरदायी बनाएको छ। जनतासंगको सबै भन्दा नजिकको "घरको सरकार भनेकै स्थानीय सरकार हो" । जसमा मुलत : गाउँपालिकाले नागरिकहरुको दुःख बेदना अनि मर्महरुलाई नजिकबाट नियालेर सोही विषय बस्तुसँग साक्षात्कार भई काम गर्ने भएबाट नागरिकहरुका आशा र अपेक्षा बढि नै हुन्छन् भने यसको दायित्व समेत सोही रुपमा बढ्ने अबश्यम्भावी देखिन्छ। स्थानीय तह तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राही प्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ। स्थानीय स्तरमा भए गरेका काम कारवाहीको जनता प्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण विधि एक हो । समग्र पालिकाले वर्ष गरिएका लगनीबाट के-कति उपलव्धी भयो र आगामी वर्ष कस्ता कदम चाल्दा विकास प्रभावकारी बनाउन सकिन्छ भन्ने महत्वपूर्ण कसिको रुपमा सामाजिक परीक्षणलाई लिन सकिन्छ। यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि मिक्लाजुङ गाउँपालिकाको सार्वजनिक जवाफदेहिता नमुना कार्यविधिलाई आधार मानी सामाजिक परीक्षण कार्यविधि तयार गरिएको छ। सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सरोकारवाला सहितको उपस्थितिमा प्रस्तुत गरिएको छ।

छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकद्धारा अन्तिम प्रतिवेदन तयार गरिएको छ। यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा राजश्व परामर्श समिति, न्यायिक समिति, योजना अनुगमन समिति, कार्यपालिका र गाउँसभामा समेत पेश गर्न अनुरोध गरिन्छ। यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए ? सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण नै सामाजिक परिक्षण प्रतिवेदन सामाजिक परिक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा मिक्लाजुङ गाउँपालिकालाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ भन्ने हामीले अपेक्षा गरेका छौं । र यस एकता मिडिया प्रा.लि. ले मिक्लाजुङ गाउँपालिकाको आ.व. २०७८/०७९ को सामाजिक परीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छ।

## २. सामाजिक परीक्षणको उद्देश्य

यस मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रमले सामाजिक उत्तरदायित्व पुरा भए नभएको अवस्थाको विश्लेषण गर्नु नै सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । जसबाट गाउँपालिकाले समाजमा पुऱ्याएको योगदान र सम्पादन गरेका कामको मूल्याङ्कन गरिन्छ। उल्लेखित उद्देश्यका अलावा यस गाउँपालिकाको सामाजिक परीक्षण गर्नुका अन्य उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

- निर्वाचित जनप्रतिनिधी र जनताको बिचमा विकास र समृद्धि लाई आत्मसाथ गरी कसरी अगाडि बढ्न सकिन्छ र जनताले सहज रुपमा कसरी सेवा प्राप्त गर्न सक्दछन् भन्ने सुझाव सेवा प्रदायकलाई प्राप्त हुनेछ
- गाउँपालिकाले निर्वाह गरेको सामाजिक जिम्मेवारीको मूल्याङ्कन गर्ने ।
- गाउँपालिकालाई नागरिक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने साथै समुन्नत मिक्लाजुङ गाउँपालिका निर्माणको सामाजिक फाइदाको समिक्षा गर्ने ।

## ३.सामाजिक परीक्षण अध्ययनको विधि

सकेसम्म परिमाणात्मक तथ्याङ्क र आवस्यकता अनुसार थप गुणात्मक तथ्याङ्कको प्रयोग तथा अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अँगाल्नु पर्ने उपायहरुको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गरिएको छ । सारभूत रुपमा गर्नु पर्ने धेरै कामहरु भएको र नागरिकहरुको गाउँपालिका प्रतिको अपेक्षा समेत अत्यधिक बढ्दो रहेको परिस्थितिको संयोजनलाई समायोजन गर्नु पर्ने कुराको चुनौतिका बिचमा मिक्लाजुङ गाउँपालिकाका मुख्य विषयलाई आधार लिई गाउँपालिकाले सामाजिक दायित्व निर्वाह गर्नु पर्ने विषयमा केन्द्रीत रही सामाजिक परीक्षण विधि अगाडी बढाईएको अवस्था छ। जस अन्तर्गत देहायका विधिलाई उपयोग गरिएको छ ।

- वडाका प्रतिनिधि तथा कर्मचारीहरुसंगको छलफल ।
- विषयगत शाखाका प्रमुखहरुसंगको छलफल तथा अन्तरक्रिया ।
- कार्यालय अभिलेख जाँच ।
- सर्वेक्षण तथा सूचना संकलन ।
- सरोकारवाला र मुख्य सूचनादाता सँगको अन्तरक्रिया ।
- उपलब्धि, परिणाम र प्रभाव आदि सूचकको आधारमा मूल्याङ्कन ।
- उपभोक्ता समिति र उपभोक्ता संगको छलफल ।
- जननिर्वाचितहरुसंग समूह छलफलको आयोजना ।
- अन्तरवार्ता ।

## ४. सामाजिक परीक्षण अध्ययनको सीमा

सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परीक्षणको विधी अनुशरण गर्नु पर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रम सम्म आईपुग्दा तर्कसंगत पेश गरिने आधारहरुका रुपमा आधारित भई कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचनादाता सँग अन्तरवार्ता लिईएको र लक्षित सरोकारवाला सँगको अन्तरक्रियाको आधार लिईएको छ। नीति निर्माणको चरणमा रहेको अवस्थामा सामाजिक परीक्षण आधारभूत अवयवहरुको अध्ययन गर्नु परेको कारणवाट यसमा केही सिमितता रहेको हुन सक्ने कुरालाई स्वीकार गरिएको छ।

## ५. सामाजिक परीक्षणको आधार

मिक्लाजुङ गाउँपालिकाको कार्य सम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्य प्रभावको लेखाजोखा गर्न गरिएको यो सामाजिक परीक्षणको आधार देहाय बमोजिम गरिएको छ

- मिक्लाजुङ गाउँपालिकाको नीति रणनीति र आगामी कार्यक्षेत्र र सो को प्रभावकारिता।
- योजना, कार्यक्रम र वजेट व्यवस्थापन।
- वातावरण संरक्षण र दीगो विकासमा गाउँपालिकाले खेलेको भूमिका।
- सेवाग्राहीको हितएवम् नागरिक मैत्री सेवा प्रवाहमा गाउँपालिकाको भूमिका।
- गाउँपालिकाको कार्यक्षेत्र सो को अनुगमन र मूल्यांकन ।
- महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, एकल महिला, विपन्न एवं पिछडा वर्ग, समुदायको हितका लागि गाउँपालिकाले खेलेको भूमिका।
- मिक्लाजुङ गाउँपालिका कार्यालयको संगठन संरचना।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु , सहकारी, उद्योग, पर्यटन, कला, संस्कृति संरक्षण र विकासमा गाउँपालिकाले दिएको योगदान ।
- मिक्लाजुङ गाउँपालिकाको सामाजिक योगदान।
- सरकारी एवम् गैह्र सरकारी, निजीक्षेत्र, नागरिक समाज प्रतिको दायित्व निर्वाह।

## ६. मसौदा प्रतिवेदन प्रस्तुति तथा छलफलको खाका

- कार्यक्षेत्रको परिचय।
- सामाजिक परीक्षणको पृष्ठभूमी।
- स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू।
- गत वर्षका मुख्य मुख्य उपलब्धिहरू।
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता।
- सामाजिक जिम्मेवारी बहनमा परेका समस्याहरू।
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू, खुल्ला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया
- स्थानीय तहले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव स्थानीय तहले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति।

## ७. सामाजिक परीक्षणको क्रममा वडा र वडा समिति संगको बैठक तथा योजना अनुगमन छलफल कार्यक्रमको विवरण :

| मिति : | स्थान | कार्यक्रमको विवरण | समय |
|---|---|---|---|
| २०८०/०२/०७ | मिक्लाजुङ गाउँपालिकाको कार्यालय | प्रमुख प्रशासकिय अधिकृत, तथा विभिन्न शाखा र फाँटका प्रमुखहरुसंगको छलफल तथा अन्तरक्रिया सम्पन्न । | २ घण्टा |
| २०८०/०२/०७ | मिक्लाजुङ गाउँपालिका वडा नं ७ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु संग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | २ घण्टा |
| २०८०/०२/०७ | मिक्लाजुङ गाउँपालिका वडा नं ९ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु संग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १:३० घण्टा |
| २०८०/०२/०८ | मिक्लाजुङ गाउँपालिका वडा नं १ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु संग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १ घण्टा |
| २०८०/०२/१२ | मिक्लाजुङ गाउँपालिका वडा नं ५ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु संग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १ घण्टा |
| २०८०/०२/१३ | मिक्लाजुङ गाउँपालिका वडा नं ३ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु संग गतआ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | |

| | | | |
|---|---|---|---|
| | | | १ घण्टा |
| २०८०/०२/१३ | मिक्लाजुङ गाउँपालिका वडा नं ४ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु संग गत आ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १ घण्टा |
| २०८०/०२/१३ | मिक्लाजुङ गाउँपालिका वडा नं २ कार्यालय | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु संग गतआ.व.मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको छलफल, अन्तरक्रिया तथा अनुगमन गरिएको । | १ घण्टा |
| २०८०/०२/१३ | मिक्लाजुङ गाउँपालिका वडा नं ६ र ८ का वडा अध्यक्षहरुसँग फोन सम्पर्कबाट तथ्याङ्क लिएको | वडा अध्यक्षहरुसँग गत आ.व. मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको बारेमा फोन सम्पर्कबाट तथ्याङ्क लिएको । | १ घण्टा |
| २०८०/०२/२१ | मिक्लाजुङ गाउँपालिकाको कार्यालय | विभिन्न शाखा तथा फाँटका प्रमुखहरुसंगको छलफल तथा तथ्याङ्क संकलन । | ३ घण्टा |
| २०८०/०२/२२ | मिक्लाजुङ गाउँपालिकाको कार्यालय | पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्षहरु तथा विभिन्न शाखा र फाँटका प्रमुखहरुसंगको छलफल तथा अन्तरक्रिया सम्पन्न । | २ घण्टा |
| २०८०/०२/२२ | मिक्लाजुङ गाउँपालिकाको कार्यालय | पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु तथा विभिन्न शाखा र फाँटका प्रमुखहरुसंगको छलफल तथा अन्तरक्रिया सम्पन्न । | २ घण्टा |

## दफा-९ को (उपदफा-४ बमोजिम)

### १. सामाजिक परीक्षणको बृहत छलफल सत्र

(क) स्थान : मिक्लाजुङ गाउँपालिकाको सभाहल
(ख) समय : बिहान ११:०० बजेदेखि
(ग) अध्यक्षता : गाउँपालिका अध्यक्ष
(घ) प्रस्तुति : सामाजिक परीक्षकबाट
(ङ) उपस्थित : गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष
प्रमुख प्रशासकिय अधिकृत, विषयगत शाखाका प्रमुखहरु, वडा अध्यक्षहरु कार्यपालिका सदस्यहरु, र सरोकारवालाहरु

## २. सामाजिक परीक्षण कार्य सञ्चालन विधि, प्रक्रिया तथा समय :

- सामाजिक परीक्षण भेला कार्यक्रम शुरु गर्नु भन्दा पहिले उपस्थिति पुस्तिका खडा गरिएको छ ।
- कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार पारि आपसी सहमतिमा सञ्चालन भएको छ ।
- मिक्लाजुङ गाउँपालिकाको वडा वडामा गई निर्वाचित जनप्रतिनिध र कर्मचारीहरु संग छलफल तथा अन्तरक्रिया गरी योजना तथा कार्यक्रमको बारेमा छलफल गरिएको छ र छलफलमा भएको विवरण राखी सहभागि पुस्तिका खडा गरिएको छ ।
- विभिन्न शाखा प्रमुखहरुसंग विषय बस्तु संग सम्बन्धित रहेर छलफल र अन्तरक्रिया गरिएको छ ।
- विभिन्न वडाका वडा सचिवहरु संग छलफल र अन्तरक्रिया गरिएको छ ।
- छलफल पश्चात योजना स्थल पुगेर नै सम्पन्न योजनाहरुको अनुगमन गरिएको छ ।
- सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिताबारे सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराइएको छ ।
- सहजकर्ताले मसौदा विवरण भेलामा प्रस्तुत गरेको छ मसौदा विवरण प्रस्तुत भै सकेपछि सहभागीहरूलाई आफ्नो बिचार राख्ने अवसर दिइयो ।
- सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य भएका पक्षहरुलाई जवाफ दिन लगाइएको थियो ।
- सहभागीहरूबाट प्राप्त भएका प्रतिक्रिया तथा सुझावहरू अभिलेख गरिएको छ ।

# परिच्छेद-५

**(दफा १३ संग सम्बन्धित)**

## सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित, आयोजक, सहजकर्ता तथा सहभागिहरुले पालना गर्नुपर्ने आचार संहिता

१. विषयवस्तु मात्र केन्द्रित रही छलफल गर्ने ।

२. तथ्याङ्क र सूचनाको आधारमा रही विचार राख्ने ।

३. निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।

४. सहभागीहरुले व्यक्त गरेका विचारमा प्रतिवादन गर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने ।

५. व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।

६. सहभागिहरुलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।

७. समाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरुले आफ्ना कुरा राख्ने ।

८. बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।

९. आफ्ना कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।

## अनुसूची-२ को ५ संग सम्बन्धित

### सामाजिक जिम्मेवारी तथा कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.व. ०७७/०७८ | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य क्षेत्र** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायातको पहुँचभएको घरधुरी संख्या | पहाडी इलाकाका वडा नं. १, २, ३, ४ र ५ का केही बस्तीबाट नागरिकहरु आधारभूत स्वास्थ्य उपचारका लागि पुग्न कठिन देखिन्छ | १४ वटा खोप केन्द्र, गाउँघर क्लिनिक, १ पालिका अस्पताल, ४ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा बर्थिङ सेन्टर सम्म सहज यातायातको पहुँचको लागि बाटो ग्राभेल, पिच, कल्भर्ट निर्माण, पहाडी इलाकामा नयाँ टयाक निर्माण, सडक मर्मत तथा बाटो स्तरोन्नती लगायतका कार्य भएको । | पहाडी इलाका १, २, ३, ४ र ५ नं वडाका केही बस्तीबाट नागरिकहरु आधारभूत स्वास्थ्य उपचारका लागि पुग्न कठिन देखिन्छ साथै अन्य इलाकामा भने सबै नागरिकको पहुँचमा स्वास्थ्य सेवा प्रदान भएको देखिन्छ |
| ५ बर्ष मुनिकाबालबालिकाहरुको शिशु मृत्युदर/बालमृत्यु दर ( प्रतिहजार जीवित जन्ममा) प्रतिशत ० | बाल तथा शिशु मृत्युदर शुन्य रहेको । | सुनौलो हजार दिन कार्यक्रम संचालन गरिएको ।<br>गर्भवती महिलाहरुका लागि नि:शुल्क घुम्ती भिडियो एक्सरे कार्यक्रम सञ्चालन भएको<br>खोप कार्यक्रम संचालन गरिएको ।<br>फोलिक एसिड चक्की वितरण गरिएको ।<br>घरघरमा गई जन्म पश्चात सुत्केरी आमा तथा नवजात शिशुको (Postnatal Chekup)जाँच पद्धतात कार्य सबै स्वास्थ्य संस्थाबाट गरिएको ।<br>पोषण सम्बन्धि क्याम्प र नियमित कार्यक्रम संचालन गरिएको ।<br>सुरक्षित प्रसूतिका लागि BEOC Monitoring क्लिनिकल अपडेट गरी सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला बितरण जस्ता कार्यक्रम संचालन भएको । | मातृ तथा शिशु मृत्युदर शुन्य रहेको । कुपोषणको दर घटेको । न्यून तौल भएका जन्म शिशुहरु कम भएको । |
| खोपमा पहुँच भएको जनसंख्या (एक) बर्ष मुनिका ५६१ बालबालिकाको आधारमा । | १००% । | खोप र खोजको नीतिअनुसार महिला स्वास्थ्य स्वयम्सेविका परिचालन गरि छुट बच्चाहरुको खोजी गरि खोपाउने कार्य गरिएको<br>खोप केन्द्र १४ वटा, गाउँघर क्लिनिक, वर्थिङ सेन्टर २ र १ वटा पालिका अस्पताल मेडिकल अफिसर सहित सञ्चालनमा ल्याइएको ।<br>ड्रप आउट (एउटा खोप लगाएका र थप खोपका लागि सम्पर्कमा नआएका बच्चाहरुको खोजी गरि खोप लगाइएको । | ९३ प्रतिशत कोभिड खोप प्रभावकारी भएको नियमित खोप तर्फका कार्यक्रमहरु पूर्ण रुपमाप्रभावकारी बनाउन प्रयास गरीएको |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या २३१ प्रतिशतमा ३५ । | ४०% रहेको | नि:शुल्क घुम्ती भिडियो एक्सरे सेवा र सबै स्वास्थ्य सस्थाबाट गर्भवती जाँच सेवा उपलव्ध गराइएको । | प्रथम भिजिट ६० % प्रोटोकल चौथो भिजिट ३५ प्रतिशत रहेको ४ पटक गर्भवती जाँच गराउनुपर्छ भन्ने सोचाको विकास भएको । |

| | | | |
|---|---|---|---|
| | | | मातृ मृत्युदरमा कमि आएको |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गरिएका महिलाको संख्या ९ /प्रतिशतमा २ प्र.। | १ । | SBA (जाँच पर्ताल) तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीबाट पालिका अन्तरगतको २ वटा बर्थिङ् सेन्टरबाट २४ घण्टा सेवा प्रवाह गरिएको ।<br>आमा सुरक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको । | २ प्रतिशत<br>दक्ष प्रसुति कर्मीबाट सुत्केरी गराउने जनचेतना जागेको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | शुन्य रहेको । | प्रत्येक घरमा शौचालय निर्माण गरि सकिएको ।<br>खुल्ला दिसा-पिसाव मुक्त गाउँपालिका घोषणा जस्ता कार्यक्रम संचालन गरिएको ।<br>पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम् सेविकाहरुबाट जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिएको । | स्वास्थ्य तथा सरसफाई प्रति बढ्दो चेतनाको कारण यस रोगका कारण मृत्यु हुनेको संख्या नभेटीएको । |
| **शिक्षाक्षेत्र** | | | |
| आधाघण्टा भित्र आधारभुत विद्यालय नपुग्ने बालबालिकाको संख्या | लगभग १५०० जना रहेको । | ३८ वटा सामुदायिक विद्यालय, , १ वटा समुदाय स्तरको बालबिकास केन्द्र, ३१ वटा आधारभूत तहका विद्यालयसम्म पुग्ने सडक पूर्वाधार, आवस्यक भवनका लागि लगानी गरिएको ।<br>बालबिकास केन्द्रहरुलाई सक्रिय बनाइएको ।<br>१५०० बालबालिकाका लागि पहुँच स्थापित गर्नका लागि पहाडी भू-भागमा सडक निर्माण, ग्राभेल र नयाँ ट्र्याक खोल्ने कार्यलाई तिब्रता दिइएको छ । | वडा नं. १, २, ३, ४ र ५ का बालबालिका आधारभूत तहमा १५०० जना पुग्न कठीन छ त्यसका लागि आवस्यक स्थानमा बालविकास केन्द्र सञ्चालन गरिएको छ ।<br>गत वर्षको भन्दा पहुँचमा बृद्धि भएको छ । |
| बाल शिक्षामा खुद भर्नादर | ९४.६ । | बल विकास केन्द्रका कक्षाको वातावरणलाई वालमैत्री वालविकास केन्दका स.का.हरुलाई तालिमको व्यवस्था गरिएको । वडा कार्यालय, प्र.अ. व्यवस्थापन समितिको बैठक तथा छलफलका कार्यक्रम सञ्चालन गरिएको ।<br>विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम संचालन गरिएको ।<br>दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको । | ९८.३ प्रतिशत । बाल शिक्षामा भर्ना दर बढेको । बाँकी रहेका बालबालिकाहरू आधारभूत विद्यालयमा सिधै कक्षा १ मा भर्ना भएका । |
| आधारभूत विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत । | शुन्य रहेको । | अभिभावक विहिन विद्यार्थी (आमा बाबु दुवै नहुने १२१ जना र बाबु वा आमा नहुने ७२० जनाको सिकाइ सहयोगका लागि छात्रवृत्ति कार्यक्रम, शैक्षिक सामग्री वितरण ।<br>विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम संचालन गरिएको ।<br>दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको ।<br>विद्यालयको सिकाइ वातावरण सुधारका लागि हरेक विद्यालयमा फुलबारी निर्माण गरिएको । | विद्यालय उमेर समुहका बालबालिकाको विद्यालयमा पहुँच स्थापित भएको । |

| | | | |
|---|---|---|---|
| कक्षा १ मा खुदभर्नादर छात्र/छात्रा | ९५ प्रतिशत । | ३८ वटा सामुदायिक विद्यालय, पालिका भित्रका १४ संस्थागत विद्यालय, मण्टेश्वरीहरुमा विद्यालय भर्ना अभियान अभिभावक सचेतना कार्यक्रम गरिएको ।<br>दिवा खाजाको व्यवस्था गरिएको । निःशुल्क पाठ्पुस्तक, शैक्षिक सामग्रीको व्यवस्था गरिएको । | ९७ %<br>विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम<br>दिवा खाजा कार्यक्रम लगायतबाट कक्षा १ मा भर्नादरमा सन्तोषजनक नतिजा रहेको । |
| आधारभूत तहमा कक्षा छोड्ने दर | कक्षा छोड्ने दर ३ प्रतिशत । | छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको ।<br>दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको ।<br>तालिम प्राप्त शिक्षकको व्यवस्था गरेको ।<br>शिक्षण सिकाई मूल्याङ्कन हुने गरेको । | कक्षा छोड्ने दर १ प्रतिशतमा झरेको । |
| कक्षा दोहोऱ्याउने दर | शुन्य रहेको । | छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको ।<br>दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको ।<br>तालिम प्राप्त शिक्षकको व्यवस्था गरेको ।<br>शिक्षण सिकाई मूल्याङ्कन हुने गरेको । | कक्षा दोहोऱ्याउने दर रहेता पनि निरन्तर मूल्याङ्कनले हुने गरेको |
| कक्षा उत्तीर्ण हुने दर | शत प्रतिशत रहेको | छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको ।<br>दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको ।<br>तालिम प्राप्त शिक्षकको व्यवस्था गरेको ।<br>शिक्षण सिकाई मूल्याङ्कन र उदारकक्षोन्नती लागू गरेको । | शत प्रतिशत रहेको |
| आधारभूत तहमा तालिम प्राप्त शिक्षक संख्या | शत प्रतिशत | सामुदायिक विद्यालयका शत प्रतिशत शिक्षकहरुले तालिमप्राप्त गरेको । | शिक्षकहरूलाई सूचना प्रविधि सम्वन्धी तालिम प्रदान गरिएको । |
| प्रतिकक्षा कोठा विद्यार्थी संख्या । | २२ जना | पहाडी इलाकाका अधिकांश स्थानमा सडक निर्माणका कार्यहरु गरी विद्यालयसम्म जाने वातावरण सृजना गरेको । | अघिल्लो शैक्षिक शत्रको अन्त्य सम्म अनुकुलन रहेको २५ जना । |
| स्थानीय तहबाट सहयोग भएका विद्यालय संख्या | सबै विद्यालयमा समानुपातिक रहेको | कक्षाकोठा निर्माण, लैगिक मैत्रीशौचालय निर्माण, खेलकुद मैदाननिर्माण, कम्पाउन्ड वाल निर्माण ।<br>विद्युत पङ्खा जडान, इन्टरेक्टीव वोर्ड, सि.सि.क्यामरा, कम्प्युटर खरिद तथा मर्मत । | पूर्वाधार तर्फ आवश्यकताका आधारमा स्थानीय तहले सहयोग गर्दै गरेको पाइयो । |
| दलित बालबालिकाको शिक्षामा पहुँच | पुरा भएको | (क) आधारभूततह कक्षा १ देखि ५ सम्मका छात्रा तथा छात्रलाई छात्रवृति प्रदान गरिएको ।<br>(ख) आधारभूत तह कक्षा ६ देखी ८ तहमा छात्रा तथा छात्रलाई छात्रावृति प्रदान गरिएको । | छात्रा ३६६ जना, छात्र ३७९ जना । बृद्धि हुँदै गएको । |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | पिउने पानीको पहुँच छ ।<br>स्वच्छ पिउने पानीका लागि निरन्तर प्रयास भइरहेको । | पहाडी इलाकामा मुहान संरक्षण कार्यक्रम, इन्टेक निर्माण, भू-क्षय नियन्त्रणका कार्यक्रम सञ्चालन गरिएको । तराई इलाकामा ओभरहेड ट्याङ्की निर्माण<br>पाइप लाइन विस्तार कार्यक्रम गरिएको ।<br>ट्याङ्की मर्मतका कार्यक्रम भएको । | गत वर्षको भन्दा केही सुधार उन्मुख रहेको । । स्वच्छ पिउने पानीका लागि निरन्तर प्रयास भइरहेको छ । |

| | | | |
|---|---|---|---|
| शौचालय भएको संख्या वा प्रतिशत | खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भएको । | सबै घर-परिवारमा एक घर एक चर्पि निर्माण प्रक्रिया पुरा भइ खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भएको | खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भएको । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय संख्या | खानेपानीको विस्तार सबै बिद्यालयमा रहेको । | खानेपानीको विस्तार भएको साथै स्वच्छ पिउने पानीका लागि ३८ वटै विद्यालयमा अवस्था अनुसार उचित बजेटको समेत क्रमागत रुपमा व्यवस्थापन गरको देखिन्छ । | सिबै विद्यालयमा पिउने पानीको पहुँच स्थापित भएको , केहि विद्यालयमा फिल्टर जडान भएको । |
| शौचालय भएको परिवार संख्या/ | शत प्रतिशत बनाउने । | अधिकांश घरहरुमा शौचालय निर्माण भएको । | २ परिवारले एक शौचालयका कारण शतप्रतिशत नभएको । |
| सुधारिएको चुलो भएको परिवार संख्या | - | तराई भूभागमा अधिकांश घरहरुमा ग्यास सिलिन्डर, बायो ग्यास प्रयोगमा रहेको देखिन्छ, पहाडी भूभागमा केहि ग्यास, केहि बायो ग्यास, केहि सुधारिएको चुलो, केहि खुल्ला चुलो प्रयोगमा आएको देखिन्छ । | ग्यास, बायो ग्यास र सुधारिएको चुलो प्रयोग गर्नु पर्छ भन्ने व्यापक सोच रहेको केहि विपन्न परिवारमा भने खुल्ला चुलो प्रयोग भएको । |
| **महिला, बालबालिका तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | कम रहेको । | बाल विवाह विरुद्धको सचेतनामूलक अभियान संचालन गरिएको ।<br>बाल संजाल गठन, परिचालन र व्यवस्थापन तालिम संचालन गरिएको । | बालबिवाहको रेकर्ड नरहेको । |
| सामाजिक बिकृति र बिसंगती | शुन्य बनाउने । | लैङ्गीक हिंसा बिरुद्ध महिला मन्च, अन्तरराष्ट्रिय महिला दिवस, सभा समारोह, गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गरिएको । | चेतना स्तरमा सुधार हुँदै गएको । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | सामाजिक सुरक्षा कार्यक्रमले सबैलाइ समेटीने । | सामाजिक सुरक्षा कार्यक्रमले समाजमा रहेका जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जातीलाई सामाजिक सुरक्षाको माध्यमबाट साथै स्वास्थ्य उपचार लगायत काकार्यक्रमबाट सरकारको अनुभूति दिलाउन सफलभएको । | जेष्ठ नागरिक प्रति सकारात्मक सोचको विकास भएको । |
| **जनचेतना तथा गरिबि निवारण** | | | |
| बालश्रमको अवस्था | बालश्रमको कुनै रेकर्ड नभएको । | १३ वटा बिद्यालयमा बाल क्लब, वडा स्तरीय बाल सञ्जाल, पालिका स्तरीय बाल सञ्जाल गठन भइ क्रियाकलाप भएको, आवस्यक बैठक, अन्य विविध गतिबिधि जस्ता महत्वपूर्ण कार्य भएको । | पहाडी इलाका, ग्रामीण क्षेत्र भएकोले बालश्रमको अवस्था न्यूनिकरण हुदै शुन्यको अवस्थामा रहेको । |
| बाल क्लवहरूको अवस्था | बाल क्लब गठन तथा विस्तार भएको । | ३८ विद्यालय मध्ये १३ वटा बिद्यालयमा बाल क्लब गठन भएको । वडा स्तरीय बाल सञ्जाल, पालिका स्तरीय बाल सञ्जाल गठन भइ क्रियाकलाप भएको, आवश्यक बैठक, अन्य विविध गतिविधि जस्ता महत्वपूर्ण कार्य भएको । | बाल क्लव मार्फत बाल अधिकार र कर्तव्य सम्बन्धि चेतना स्तरमा सुधार भई कर्तव्य र |

| | | | |
|---|---|---|---|
| | | | अधिकारको बोध हुन थालेको देखिन्छ । |
| महिला हिंसा | महिला हिँसाका छिटपुट घटना भएको । | बढ्दो बेरोजगारी, गरिबि, सामाजिक चेतनाका कारण महिला हिँसाका घटना हुने गरेका कारण महिला शसक्ति कार्यक्रम, मेलमिलाप तालिम, नेतृत्व विकास तालिम जस्ता कार्यक्रमहरुको माध्यमबाट महिलाहरु लाभान्वित भएको । महिला हिँसा बिरुद्धका अन्तराष्ट्रिय दिवस, सभा, गोष्ठी र सेमीनार संचालन भएको | मेलमिलाप, न्यायीक समिति, वडाका गतिविधि, महिला तथा वाल बालिका शाखा, विद्यालय मार्फत महिला हिंसा न्युनिकरणका गतिविधिहरु सञ्चालन भएको । |
| रोजगारीको अवस्था | सूचिकृत ४१६ जना मध्ये ११८ जनाले ५९ दिन रोजगार प्राप्त गरेका । | यसै आर्थिक वर्षबाट सूचिकृत बेरोजगारहरुलाई विभिन्न आयोजनाहरुमा छोटो समयको रोजगारी प्रदान गरिएको । आगामी वर्षबाट वडा नं. ७ लगायत अन्य वडामा ढाका बुनाई, तरकारी पकेट क्षेत्र, टनेल खेतिको प्रयोग मार्फत रोजगारीको सिर्जना गर्दै लगिने कार्यक्रम राखेको देखिन्छ । बेरोजगार सूचिकृत गरेको देखिन्छ । | रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन भएका । बेरोजगारहरुलाई छोटो समयका रोजगारी दिने कार्यको शुरुवात भएको । कृषित फर्म उत्पादन बढ्ने गतिविधिकबो शुरुवात भएको जस्तै:- तरकारी पकेट । |
| स्वरोजगारका प्रयासहरु | सूचिकृत ४१६ जना मध्ये ११८ जनाले ५९ दिन रोजगार प्राप्त गरेका । | सूचिकृत गरिएका २८५ जना मध्ये १०५ जना बेरोजगारलाई प्रति व्यक्ति ९१ दिनको रोजगारी प्रदान गरिएको । कृषि शाखाबाट डिप बोरिङ, मिनि टिलर, च्याप कटर, सिँचाई पाइप, विभिन्न वालिका विऊहरु अनुदान मार्फत गरिवी निवारणका प्रयासहरु गरिएको | आर्थिक विकासका कार्यक्रम मार्फत स्थायी समाधानको खोजी भएको । |
| गरिवी निवारणका प्रयासहरू | गरिवी निवारणका प्रयासहरूको लक्ष्य राखि कार्य भएको देखिन्छ । | कृषि शाखाबाट डिप बोरिङ, मिनि टिलर, च्याप कटर, सिँचाई पाइप, विभिन्न वालिका विऊहरु अनुदान मार्फत गरिवी निवारणका प्रयासहरु गरिएको छ साथै १०५ जनालाई विभिन्न आयोजनामा रोजगारी प्रदान गरिएको । भौतिक, सामाजिक, आर्थिक स्तरउन्नती गरी नागरिकलाई स्वरोजगार उन्मुख बनाई प्रगतिदर उच्च बनाउने लक्ष्य रहेको । | पहाडी इलाकामा हुने फलफुलका जात अनुसन्धान तथा तरकारीहरुको उत्पादन गरी नागरिकको दैनिक जीवनयापन सहज बनाउने लक्ष्य अनुसारको उपलब्धी हासिल हुन शुरु भएको । |
| सामाजिक परिचालन | सामाजिक परिचालनको व्यवस्था गरिएको । | महिला शसक्तीकरण कार्यक्रम, बाल अधिकार सम्बन्धी कार्यक्रम, अपाङ्गता सम्वन्धी कार्यक्रम, जेष्ठ नागरिक लक्षित कार्यक्रम, अदिवासी जनजाति कार्यक्रम, दलित कार्यक्रम मार्फत उनीहरुको जीवन स्तरको परिवर्तन अति आवश्यक वस्तुहरुको परिपुर्तिका साथै सेवामा सहज पहँच सुनिश्चत गर्ने कार्यक्रम सञ्चालन गरिएका । सि.बि.आर.एफ. सहजकर्ताको माध्यमद्वारा समुदायमा कामको थालनी भएको । | सि.बि.आर.एफ.सहज कर्ता मार्फत अपाङ्गता भएका व्यक्ति, परिवार, गर्भवती आमा, नवजात शिशु, जेष्ठ नागरिक, समावेशी वाल क्लव, पोषणको कार्यक्रम मार्फत सेवा प्रदान |

| | | | |
|---|---|---|---|
| | | | भएको र परिणाम मुखी नतिजा आउन शुरुवात भएको । |
| वातावरण सुधारका प्रयासहरु | वातावरण सुधारका कार्यक्रमको शुरुवात भएको | फोहोरमैला संकलन तथा व्यवस्थापनको सामान्य कार्यको शुरुवात भएको । बहुवर्षे र ठूला आयोजना निर्माणका लागि डि.पी.आर. गर्ने कार्यको शुरुवात भएको । वृक्षरोपण कार्यलाई आवस्यकताका आधारमा निरन्तरता दिइएको । | वातावरण सुधारका लागि शौचालय निर्माण, फोहोमैला संकलन, डि.पि.आर. निर्माणका कार्यको थालनि भएको । |
| एच.आइ.भि र एड्स | चेकजाँचको लागि स्वास्थ्य संस्थामा आउने गरेको । | गर्भवती तथा सुत्केरी महिलाहरुलाई PMTCT कार्यक्रम संचालन गरिएको । क्षयरोगका विरामीहरुका समेत परिक्षण गर्ने गरिएको CVHIV.CO इन्फेक्सन टेस्ट गरिएको । | चेकजाँचको लागि स्वास्थ्य संस्थामा आउने जति सबैको स्वास्थ्य जाँच गरिएको । |
| **विकासमा समान सहभागिता सेवाहरूमा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | वडा नं. १, बाट १ घण्टा भन्दा बढी समय लाग्छ भने अन्य बाँकी वडा आधा घण्टा भित्र विभिन्न साधनको प्रयोग गरी पुग्दछन् | वडा नं. ४ को तरकारी र वडा नं. ५ का साथै टाँडी क्षेत्रबाट यस भेगमा उत्पादन भएको अर्गानिक केरा, तरकारी, टमाटर मोरङ आसपासका बजार हुँदै काठमाडौंसम्म निर्यात भएको देखिन्छ । कृषि बजारका लागि भौतिक पूर्वाधारका कार्य भएको । बजारको पहुँच स्थापित गर्न सडक विस्तार र स्तरउन्नतीका कार्य भएको । | पहाडी इलाका र उत्पादन क्षेत्रको उत्पादन बाहिरी बजारसम्म ल्याउन स्थानीय बजारलाई व्यवस्थित गरि व्यवसायिक कृषक बनाउन आवस्यक पहल भएको देखिन्छ । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | वडा नं. १, बाट १ घण्टा भन्दा बढी समय लाग्छ भने अन्य बाँकी वडा आधा घण्टा भित्र विभिन्न साधनको प्रयोग गरी पुग्दछन | स्थानीय तहमा कृषि तथा पशुपंक्षी शाखा स्थापना भइ प्राविधिक सेवा कृषकहरुको आवस्यकताका आधारमा उन्नत जातको बिउ, रोग किरा सम्बन्धि परामर्श, आवस्यक औषधीको सिफारिस, माटोको गुणस्तर परीक्षण, नयाँ फलफुलको अनुसन्धान, कसषक सूचिकरण, अगुवा कृषक छलफल जस्ता गतिविधी सञ्चालनको अवस्थामा रहेको । | सेवा केन्द्रको सट्टामा प्राविधिक सेवा, परामर्श सेवा, औषधी उपचारको सेवा, उन्नत बिउको सेवा, आवस्यक ठाउँहरुमा प्रदान गर्दै आएको देखिन्छ । पहाडी इलाकाबाट कृषि सेवाको पहुँच केहि टाढा रहेको देखिन्छ । |
| भौगोलिक क्षेत्र, महिला, पिछडीएका तथा सीमान्तकृत वर्गाको संख्या, निजहरुले पाएको सेवा तथा दिइएको विषेश अवसरहरु | आवस्यकताका आधारमा कार्य हुँदै गरेको । | तराइ र पहाड मिलेर बनेको पालिका हुनाले समान विकासको पहुँचमा ल्याउन आवासिय विद्यालयमा पठन-पाठन गर्ने कार्यको शुरुवात भएको । विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरेको ।<br>विभिन्न वडा वडामा दलित, सिमान्तकृत र लक्षित वर्गका लागि बजेट नीति तथा कार्यक्रम नै समावेश भएको । | वर्ग उत्थानका कार्यक्रम र अवसरहरु पालिकाको नीति तथा कार्यक्रममा समावेश भएको । |
| **जनशक्ति** | | | |

| | | | |
|---|---|---|---|
| जनशक्ति विकासमा भएका प्रयासहरु | प्रमुख प्रशासकीय अधिकृत १, लेखा अधिकृत १, शाखा अधिकृत १, स्वास्थ्य अधिकृत २, सूचना अधिकारी १, योजना अधिकृत १, कृषि अधिकृत १, इन्जिनियर १, रोजगार संयोजक १, पशु चिकित्सक १, सूचना तथा सञ्चार प्रविधि अधिकृत १, कृषि स्नातक १, सि. अ.न.मी. १, रोजगार परामर्शकर्ता १, पारिवारिक परामर्शकर्ता १, लेखापाल १, सहायक पाँचौं ५, कम्प्युटर अपरेटर २, प्रा.स. ३, सब-इन्जिनियर ४, आ.ले.प. सहायक १, रोजगार सहायक १, सव ओभरसियर ६, प.स्वा.प्रा. १, स.म.बि.नि. १, खरिदार ६, एम.आइ.एस. अपरेटर १, फिल्ड सहायक २, अमिन २, सामाजिक परिचालक ३, सि.वि.आर. सहजकर्ता ३, उद्यम विकास सहजकर्ता १, सवारी चालक ४, कार्यालय सहयोगी ८, गाउँ प्रहरी ६ । | | माग अनुसार लोक सेवा आयोगले पदपुर्ति गर्दै गरेको । |
| नीति तथा कार्यक्रमहरु | **कोभिड व्यवस्थापन सन्बन्धि नीति , आर्थिक क्षेत्र, कृषि विकास, पशुपंक्षी विकास, पर्यटन विकास, उद्योग विकास, सहकारी विकास, शिक्षा क्षेत्र, खेलकुद तथा मनोरञ्जन , संस्कृति, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सञ्चार, उर्जा तथा विद्युत, पूर्वाधार विकास नीति, सडक तथा पुल, भवन तथा ग्रामिण विकास, महिला विकास लैङ्गिक समानता र समावेशीकरण, वन, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकास, राजश्व नीति,** तथा कार्यक्रम तर्जुमा गरी कुल रु. ५८ करोड ४५ लाख २४ हजार बराबरको बजेट विनियोजन गरेको देखिन्छ । | **आर्थिक क्षेत्र,**<br>कृषि तथ पशु सेवा<br>**शिक्षा क्षेत्र,**<br>युवा खेलकुद कला संस्कृति तथा रोजगार<br>**पर्यटन**<br>**स्वास्थ्य**<br>**महिला तथा बालबालिका**<br>**न्यायिक**<br>**खानेपानी तथा सरसफाई**<br>**सार्वजनिक निर्माण**<br>**विद्युत तथा सञ्चार**<br>**वन तथा वातावरण संरक्षण तथा सरसफाई**<br>**विपद व्यवस्थापन**<br>**सेवा प्रवाह तथा क्षमता विकास** तर्फका नीति तथा कार्यक्रम तर्जुमा गरी कुल बजेटको पूँजिगत तर्फ ५५ प्रतिशत र चालु तर्फ ४५ प्रतिशत खर्च हुने गरी ७८ करोड ७४ लाख ७२ हजार बराबरको बजेट विनियोजन गरेको देखिन्छ । | बजेटको आकार क्रमश: वृद्धि हुँदै गएको देखिन्छ । |
| भौतिक अवस्था | सडक मर्मत, सडक निर्माण कार्यालय भवन मर्मत सुधार, जेनेरेटर व्यवस्थापन, विद्युत | पालिकाको प्रशासनिक भवन निर्माणाधिन अवस्थामा रहेको । वडा नं. ७ को वडा भवन निर्माणाधिन रहेको । वडा नं. १ देखि ९ वटै वडाबाट वर्षभरि नै केन्द्रसम्म, वडा कार्यालयबाट स्वास्थ्य संस्था, कृषि केन्द्र, पशु केन्द्र, | वडा कार्यालय स्वास्थ्य संस्था, विद्यालय, खानेपानी, सिँचाई र सडक तर्फ |

| | | | |
|---|---|---|---|
| | सुधार, सडक यातायात सुधार गर्ने | विद्यालयसम्म वर्षभरि नै सडक निर्माण, मर्मत सम्भार, नयाँ ट्याक निर्माण गरी सहज आवागमनको व्यवस्था भएको देखिन्छ। ३८ वटा विद्यालयको लागि चाहिने आवस्यक पूर्वाधार देखि शैक्षिक गुणस्तर सुत्रधारसम्मका क्रियाकलाप भएको। पिउने पानीका लागि ट्याङ्की निर्माण, मर्मत सम्भार लगायतका काम भएको। | राम्रै काम भएको देखिन्छ। |
| समन्वय र सहकार्यका प्रयासहरु | समन्वय र सहकार्यमा प्राथमिकता दिइने। | केन्द्र सरकार, प्रदेश सरकारका ऐन नियम तथा कानुनसंग राम्ररी समन्वय भइरहेको साथै छिमेकी पालिकाहरुसंग र सम्पूर्ण वडा र साझेदार संघसंस्थासंग समन्वय र सहकार्यमा काम भएको देखिन्छ। | उल्लेखिय समन्वय र सहकार्य भएको पाइयो। |
| **कृषि शाखा** | | | |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७८।०७९ को लक्ष** | **प्रयासहरु** | **उपलव्धी** |
| सहकारी खेती साना सिचाई तथा मल विउ ढुवानी। | सहकारी मार्फत पालिकालाई चाहिने आवस्यक मल बिऊ कृषकहरुलाई उपलब्ध गराएको। | तरकारी, फलफुल तथा अन्न उत्पादन बृद्धि गर्ने साथै आत्मनिर्भर भई निर्यात गर्ने उद्देस्यले सामुहिक स्थानीय तह, कृषक र सहकारीको लगानीबाट तरकारी पकेट कार्यक्रम, बाली विकास कार्यक्रम, सञ्चालन भएको। उन्नत जातका तरकारीका बिऊ बितरण भएको। पालिकाबासी नागरिकहरुलाई तरकारी खेतिमा अभिप्रेरित गर्न ३,००० घर सूचिकृत गरिएको। मल ढुवानीका लागि सहकारीलाई जिम्मेवारी दिइएको। सिंचाइको लागि कुलो, पैनी निर्माण तथा मर्मत, डिप बोरिङ्ग, सिँचाई मिटर वितरण कार्य गरिएको। सहकारी मार्फत मल ढुवानी गरी कृषकहरुसम्म पुऱ्याउने कार्य भएको। | उत्पादनमा बृद्धि भएको। सिंचाइको क्षेत्र बृद्धि भएको। अन्य परम्परागत उत्पादन बढी उत्पादन भएको। आधुनिक कृषि फर्ममा रुपान्तरण गरिएको। |
| नगदे बाली | पहाडी इलाकामा अम्लिसो, केरा, अदुवा जस्ता बालीको शुरुवात भएको । | यस क्षेत्रलाई सुहाउँदो नगदे बालीको खोजिकार्यको शुरुवात भएको। पहाडी इलाकामा अम्लिसो, केरा, अदुवा जस्ता बालीको शुरुवात भएको । | व्यवसायिक उत्पादन शुरु हुदै गरेको। |
| तरकारी तथा बाली विकास कार्यक्रम | स्थानीय स्तरबाटै बालिको पहिचान गर्न सुरुवात गर्ने। | तरकारी तथा बाली विकासका लागि सिँचभाइको पहुँच स्थापित गर्न २२ वटा डिप बोरिङ, मार्फत सिँचाई सुविधा भएको। ९ वटा मिनि ट्रिलर, सिँचाई पाइप लगायत विभिन्न कृषि सामग्री वितरण भएको। प्रविधि हस्तान्तरणका कार्यक्रमहरु भएको। तरकारी पकेट कार्यक्रम सञ्चालन भएको। | तरकारी पकेट कार्यक्रम शुरूवात भएको । |
| माटो परिक्षण तथा सेवा सुधार कार्यक्रम | माटो परीक्षण गर्ने सोच भएको। | माटोको उर्वरता बृद्धि गरी व्यवसायिक उत्पादन गर्ने उद्धेश्यले माटो परीक्षण, माटो सुधारका लागि भकारो सुधार लगायतका कार्यक्रमहरु भएको। माटो परीक्षण ल्याव सञ्चालनको तयारी गरिएको। | कृषि व्यवसाय गर्न सकिन्छ भन्ने सोचको विकास भएको। |
| कृषि प्रसार कार्यक्रम | क्षमता विकास एवं कृषिप्रसार कार्यक्रम सञ्चालन | कृषि तालिम, रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार लगायतका कार्यक्रमहरु संचालन गरिएको। | कृषि प्रति युवाहरुको आकर्षण बढेको। |
| **स्थानीय तहको पशु सेवा सम्बन्धि** | | | |
| पशु विकास कार्यक्रम | गाई, बाख्रा, बंगुर, कुखुरा पालन पेसालाई व्यवसायिक | गाई भैसीमा कृतिम गर्भाधान कार्यक्रम सञ्चालन गरि दुधउत्पादनमा बृद्धि भएको। | पशु विकास कार्यक्रम मार्फत ग्रामिण भेगका नागरिकको |

| | | | |
|---|---|---|---|
| | तथा सुदृढिकरण गर्ने कार्यको शुरूवात भएको । | पालिका भरिका कृषक छनोट गरी १० वटा गोठ सुधार, १४ वटा उन्नत जातका बाच्छी, बोकापाठी, ५ वटा राँगा, गोरु २ वटा लगायत वितरण गरिएको । उन्नत जातका बोका पाठिहरु वितरण गरि मासु उत्पादन बृद्धि भएको । | जीवनस्तरमा परिवर्तन आएको । |
| पशु स्वास्थ्य कार्यक्रम | स्वस्थ तथा निरोगी पशु बनाउने गतिविधि भएको । | पशुमा देखिने महामारी जन्य रोगहरुको रोकथामका साथै भ्यागुते, चर्चरे जस्ता रोगहरुका लागि रोग विरुद्धका खोप कार्यक्रम संचालन गरिएको । मौषमी रोगहरुको नियन्त्रण तथा व्यवस्थापनका लागि चाहिने आवस्यक औषधी उपचारको व्यवस्था गरिएको | पशुलाई देखिने जटिल तथा समान्य रोगहरुको समाधानका लागि पहल भएको । |
| पशु आहारा सेवा | उत्पादन बृद्धिका लागि पशु आहारा सेवा कार्यक्रम संचालन भएको । | जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भनेजति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखि उन्नत जातका घाँसका बिउहरु, बहुबर्षे घाँसका बिरुवाहरु वितरण गरि दुध तथा मासु उत्पादन बृद्धि भएको । | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | पशु स्वास्थ्य नियमन कार्यक्रम संचालन भएको । | पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता कार्यक्रमहरु सञ्चालन गरिएका जसबाट स्वस्थ पशु र स्वस्थ उत्पादनमा क्रमिक सुधार भएको । पशु आहारा मिसन कार्यकम र पशु विकास कार्यकम सञ्चालन गरिएको | पालिकाले आफ्नो नीति कार्यक्रममा नै प्राथमिकताका साथ उठान गरेको । |
| पशु सेवा प्रसार कार्यक्रम | पशु सेवा प्रसार कार्यक्रम संचालन भएको । | पशु व्यवसायबाट पनि प्रसस्त आम्दानी लिन सकिन्छ भन्ने सोचको विकास भएको । व्यावसायिक पशु फर्महरु व्यवस्थित रुपमा संचालनको सुरुवात भएको । खोर सुधार कार्यक्रम संचालन गरिएको । नस्ल सुधार कार्यक्रम संचालन गरिएको । माहामारीजन्य रोगहरु बिरुद्धको प्रचारात्मक कार्यक्रमहरु संचालन गरिएको । | पशु क्षेत्रका कार्यक्रमबाट स्वरोजगार निर्माण हुनुका साथै आय आर्जनमा बृद्धि भएको |

# अनुसूची-३

## मिक्लाजुङ गाउँपालिका मोरङको आर्थिक वर्ष २०७८/०७९ को

### सामाजिक परीक्षण प्रतिवेदन (बृहत सभामा प्रस्तुत गरिएको)

**१. विषयगत शाखा/कार्यालयको नाम : (क) स्वास्थ्य शाखा**

**२. पालिका स्तरीय मुख्य लक्ष्य :**

- ❖ स्वास्थ्य जनजीवनमा गुणात्मक परिवर्तन ल्याउनु ।
- ❖ पालिकाबासी नागरिकलाई कोभिड १९ विरुद्धको खोप उपलब्ध गराउने ।
- ❖ सुत्केरी जाँच सेवा घरघरमा पुर्‍याउनु
- ❖ नेपाल सरकारले लिएको P[1](प्राथमिक नं. १) कार्यक्रमलाई सफल तुल्याउने ।
- ❖ स्वास्थ्य पूर्वाधार नभएका वडाहरुका स्वास्थ्य इकाइहरुमा जग्गा व्यवस्थापन गरि भौतिक पूर्वाधार निर्माण गर्दै स्वास्थ्य सेवा प्रदान गर्न जोड दिने ।
- ❖ बाल तथा मातृ मृत्युदर घटाउने ।
- ❖ जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जन-समुदायको स्वास्थ्य अवस्थामा सुधार गर्नु ।
- ❖ सेवाको पहुँच नपुगेका वर्ग, लिङ्ग, क्षेत्र, जनजातीको पहिचान गरि उनिहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्ने ।
- ❖ स्वास्थ्य विपद् पूर्व तयारी र प्रतिकार्य श्रोत साधनलाई व्यवस्थित बनाउदै लैजाने ।

**३. पालिका स्तरिय मुख्य उद्देश्य :**

- ❖ महामारी रोग नियन्त्रणका लागि आवस्यक पर्ने औषधी तथा कोभिड विरुद्धका खोपहरु उपलब्ध गराउने
- ❖ मेडिकल अफसिर हुँदै विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य उपचार सेवा प्दान गर्ने ।
- ❖ स्वास्थ विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने ।
- ❖ पालिकाबासी नागरिकहरुमा औषधी आपूर्ती बढाउने र बिभिन्न सर्ने तथा नसर्ने रोगबाट बचाउन तथा अन्य सेवाहरु प्रदान गरि स्वास्थ्य रहन चेतना अभिबृद्धि गर्ने ।
- ❖ स्वास्थ्य संस्थाको माध्यमबाट स्वास्थ्य प्रतिकारात्मक, प्रवर्द्धनात्मक र उगचारात्मक र पूर्नस्थापनात्मक सेवा उपलब्ध गराउनु ।
- ❖ गर्भवती महिलाको प्रोटोकल गर्भ जाँच र बालबालिकालाई खोपको सुनिस्चितता र नियमितताको व्यवस्थापन गर्ने तथा घरमा सुत्केरी गराउने प्रथालाई शुन्यमा झार्ने ।
- ❖ स्वास्थ्य संस्थामा आवस्यकतालाई हेरी प्रयोगशाला, स्वास्थ्य परिक्षण कोठा, बिरामी आराम कक्ष, प्रतिक्षालय तथा बालबालिका तौलने मेसिन लगायतका सबै उपकरणको व्यवस्थापन गर्दै लैजाने ।
- ❖ ४० बर्ष माथिको उमेर समुहका स्थानीय बासीहरुका लागि सामान्य तर महत्वपूर्ण रहेका, ब्लड सुगर, ब्लड प्रेसर जस्ता जाँचलाई निशुल्क गर्ने साथै महिला स्वास्थ्य स्वयंमसेविकाहरुको सेवालाई थप प्रभावकारी बनाउने ।
- ❖ नीजि क्षेत्रबाट संचालित स्वास्थ्य संस्थाहरुको सेवालाई सर्वसुलभ र प्रभावकारी बनाउन स्थानीय मापदण्ड निर्माण गरि कार्यान्वयनमा ल्याउने ।
- ❖ पालिका भित्रका नव शिशुहरुको अपाङ्गता जाँचकार्य लाई प्रभावकारी बनाउने ।
- ❖ पालिका भित्र रहेका अपाङ्ग भएका नागरिकहरुलाई आवस्यकता अनुसार सहायक सामग्रिहरु बितरण गर्ने ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालितकार्यक्रम /आयोजना | लक्ष्य | उपलब्धी |
|---|---|---|
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य | गर्भ जाँचको प्रोटोकल भिजिट शतप्रतिशत बनाउने । संस्थागत सुत्केरी र सुनौलो हजार दिनको कार्यक्रम प्रभावकारी सञ्चालन गर्ने । मातृ तथा शिशु मृत्युदर शुन्य बनाउने । | सबै स्वास्थ्य संस्थामा आवस्यकता हेरी प्रोटेवल भिडियो एक्स-रे मेसिनद्वारा गर्भ जाँच सेवा सुचारु भएको साथै पालिका स्थित वर्थिङ्ग सेन्टर, आम्दा अस्पताल, नोवेल अस्पताल, घोपा क्याम्प लगायतमा नै प्राय सुत्केरी हुने गरेको । घरमा नै असुरक्षित सुत्केरी गराउनेको संख्या ज्यादै न्युन रहेको देखिन्छ । साथै मातृ तथा बाल मृत्युदरको रेकर्ड शुन्य रहेको । PNC भिजिट बढेको । Birth Defect पत्ता लगाई समयमा नै उपचार गरिएको । |
| स्वाथ्य क्षेत्र सुधार कार्यक्रम | स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य संस्था स्थापना गर्ने । भइरहेका स्वास्थ्य केन्द्रहरुलाई स्तरोन्नती गर्ने । आधारभुत स्वास्थ्य केन्द्र थप गरि सेवा विस्तार गर्ने । महामारीजन्य रोगहरुको व्यवस्थापनमा अगाडी बढ्ने । | सर्वसुलभ र भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्न ९ वटै वडामा ९ वटै स्वास्थ्य संस्था स्थापना भई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सफल भएको साथै सुरक्षित जन्मका लागि २ वटा बर्थिङ सेन्टर संचालनमा आएको । मेडिकल अफिसर सहितको पालिका अस्पताल संचालन भएको । जनताले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सफल भएका । |
| क्षयरोग नियन्त्रण कार्यक्रम | नयाँ क्षयरोगी पत्ता लगाउने, पत्ता लागेका क्षयरोगीहरुलाई उपचारमा ल्याई निदान गर्ने | क्षयरोगी मृत्यु हुने दरमा कमी आएको । निको हुने दर बढेको<br>समुदायमा रोग सर्ने दरमा कमि आएको । |
| परिवार कल्याण कार्यक्रम | पोषण कार्यक्रम संचालन गर्ने । परिवार नियोजन कार्यक्रम संचालन गर्ने ।<br>आमा सुरक्षा गर्भवती उत्प्रेरण सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम संचालन गर्ने । | कुपोषित बच्चाहरुको संख्यामा पत्ता लगाई समय मै उपचार गरीएकोले मृत्यू दरमा कमी आएको ।<br>कुपोषणका कारण मातृ तथा शिशु मृत्युदरमा कमि आएको ।<br>जन्मान्तरको कारण आमा तथा बच्चाहरुको स्वास्थ्य तथा बृद्धि विकासमा सहायता मिलेको ।<br>आमा सुरक्षा कार्यक्रम संचालन भएको ।<br>गर्भवती जाँच सेवा कार्यक्रम प्रभावकारी भएको ।<br>न्यानो झोला वितरण कार्यक्रम प्रभावकारी भएको । |
| एकिकृत बाल तथा स्वास्थ्य पोषण कार्यक्रम | कुपोषित बच्चाहरुको खोजी तथा व्यवस्थापन गर्दै कुपोषण रहित पालिका निर्माण गर्ने ।<br>स्वा.चौ. मा ओ.टि..सि. सेन्टर सञ्चालन र नियमित गर्ने । | पोषणको कारण हुने मृत्युदरमा कमी आएको ।<br>भिटामिन ए कार्यक्रम, न्यानो झोला कार्यक्रम र पोषण कार्यक्रम मार्फत बालबालिकाको जीवनस्तरमा परिवर्तन आएको । स्वा.चौ. मा ओ.टि..सि. सेन्टर नियमित गर्न पहल गरिएको । |

| | | |
|---|---|---|
| अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | जन्मबाट नै हुने अपांगता शुन्य बनाउने । | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमबाट ४६४ जना अपाङ्गता भएका व्यक्तिहरुका लागि आवस्यक स्वास्थ्य उपचार, सहायक सामग्री, शिप मुलक तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको । ए.एन.सी,पि.एन.सि कार्यक्रम प्रभावकारी रुपमा संचालनमा रहेको । सन्तानको चाहना गर्ने दम्पतीहरुलाई फोलिक एसिड चक्की बितरण गरिएको |
| अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली कार्यक्रम | ९ वटै वडामा आवस्यक स्वास्थ्य संस्था स्थापना गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने । पालिका स्तरको अस्पताल संचालन गर्ने । | ९ वटै वडामा स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र स्थापना भई आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको । मेडिकल अफिसर सहितको पालिका अस्पताल स्थापना भई सेवा प्रवाह भइरहेको । सबै तथ्याङ्कहरु प्रविष्ट भएको । |
| राष्ट्रिय, स्वास्थ्य, शिक्षा, सूचना तथा संचार कार्यक्रम | स्वास्थ्य सचेतनामा सुधार गर्ने । | स्वास्थ्य शिक्षाका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन भएको जसबाट स्वस्थ जीवन जिउनुपर्छ भन्ने सोचको विकास भएको । |
| उपचारात्मक सेवा कार्यक्रम | सबै वडाका स्वास्थ्य संस्थाबाट आभारभूत स्वास्थ्य उपचार सेवा संचालन गर्ने । आवस्यकताका आधारमा स्वास्थ्य चौकी र पालिका अस्पतालबाट गुणस्तरीय ल्याव सेवा सञ्चालन गर्ने । | नागरिकहरुलाई आधारभूत स्वास्थ्य र उपचारात्मक सेवा मार्फत टेवा पुगेको । आवस्यकताका पहिचान गरी स्वास्थ्य चौकी र पालिका अस्पतालबाट गुणस्तरीय ल्याव सेवा सञ्चालन भएको । |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम संचालन गर्ने । स्वास्थ्य बिमा कार्यकमलाई प्रभावकारी बनाउने । | स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ स्टाफहरुलाई आवस्यकता अनुसारको तालिम लगायतको व्यवस्था गरिएको । स्वास्थ्य बिमा कार्यकमलाई प्रभावकारी बनाउन बजेटको ब्यावस्था गरिएको |

**५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका स्वास्थ्य क्षेत्रका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- जनताको स्वास्थ्य सुरक्षाको मध्य नजर गर्दै मेडिकल अफिसर सहितको पालिका स्तरिय अस्पताल स्थापना गरी संचालन हुनु ।
- महामारी नियन्त्रण तथा अन्य विपद् व्यवस्थापनका लागि प्राथमिकताका साथ श्रोत छुट्याइने नीतिमा नै व्यवस्था हुनु ।
- जन्म देखि नै हुने अपाङ्गता रोकथामको कार्य प्रभावकारी रुपमा संचालनमा आउनु, गर्भवती महिलाहरुलाई नि:शुल्क घुम्ती भिडियो एक्सरे सेवा उपलब्ध गराउनु ।

- स्वास्थ्य संस्थाहरुलाई सुदृढिकरण गर्न विभिन्न सहयोगात्मक एवं व्यवस्थापकीय क्षेत्रमा विशेष कार्यक्रम संचालन गरिनु ।
- निःशुल्क स्वास्थ्य सेवाका लागि औषधि र स्वास्थ्य सामाग्री तथा उपकरण खरिद र वितरण कार्यक्रम संचालन गरिनु ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनमा ल्याउन बजेटको ब्यवस्था गरि कार्यान्वयनमा आउनु ।
- सबै वडाहरुमा आफ्नै स्वामित्वका आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्य सेवा प्रदान गरिनु ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

**प्रमुख स्वास्थ्य सूचकहरु (आ.व. २०७८/७९को)**

| Indicators | Status |
|---|---|
| % of Children under one year immunized with DPT-HepB-Hib3 | 88.7% |
| Dropout Rate DPT-HepB-Hib1 VS DPT-HepB-Hib3 | 6.6% |
| % of Children aged 0-23 months registered for growth monitoring | 53.2% |
| % of recovery rate of SAM cases | - |
| % of PSBI among registered 0-2 months infant (Sick Baby) | 10% |
| % of infants aged 0-2 months with PSBI receiving a complete dose of Gentamycin | - |
| Incidence of Pneumonia(Pneumonia+Severe Pneumonia) per 1000 U5 yrs Children(New Cases) | 62.4% |
| % of severe dehydration cases among children under five years(New Cases) | - |
| % of pregnant women who had four ANC checkups as per protocol (4th, 6th, 8th and 9th) | 41.2% |

| | |
|---|---|
| % of instituional deliveries among expected live births | 1.6% |
| Contraceptive Prevalence Rate (CPR) | 7.3% |
| Total Number of Malaria Blood Slides Collected | 152 |
| Case notification rate all form of TB per 100000 population | 107.8 |
| Leprosy Prevalence Rate (PR) per 10000 | 0.3 |
| % of outpatient (OPD) new visits among total population | 66.9% |

## विपन्न नागरिक सहायता कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाका लागि सिफरिस गरिएका बिरामीहरुको संख्या

| **Diseases** | **Female** | **Male** | **Total** |
|---|---|---|---|
| Heart | *5* | *4* | *9* |
| Kidney | *1* | *7* | *8* |
| Cancer | *13* | *9* | *22* |
| Head Injury | *2* | *1* | *3* |
| Spinal Injury | - | - | - |
| Parkinson's Disease | - | - | - |
| Alzheimer's Disease | - | - | - |
| Sickle Cell Anemia | - | - | - |
| **Total** | **21** | **21** | **42** |

| सामाजिक जिम्मेवारीको क्षेत्र | सुचक सहित कामको विवरण |
|---|---|
| २ बर्ष मुनीका बालबालिकाले खोप प्राप्त अवस्था । पूर्ण खोप | स्वास्थ्य शाखाको खोपको विवरण अनुसार ९१ प्रतिशत । |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या ६४१७ | पहाडी इलाका १, २, ३, ४ र ५ नं वडाका केही बस्तीबाट नागरिकहरु आधारभूत स्वास्थ्य उपचारका लागि पुग्न कठिन देखिन्छ । |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा । | स्वास्थ्य शाखाको विवरण अनुसार ९३ प्रतिशत । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या । | प्रोटोकल भिजिट ३५ प्रतिशत रहेको ।<br>सबै ९ वटै स्वास्थ्य संस्थाबाट महिलाहरुको लागि चारपटक गर्भ जाँच गर्ने सेवा उपलव्ध गराइएको । |
| बर्थिङ सेन्टरमा दक्ष प्रसूति कर्मीबाट प्रसूति गरिएका महिलाको संख्या २ % | आमा सुरक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको ।<br>स्वास्थ्य संस्थामा सुत्केरी गराउनु पर्छ भन्ने सोचको बिकाश भएको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | शुन्य रहेको<br>पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदाय स्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम सेविकाहरुबाट जनचेतना मुलक कार्यक्रम संचालन गरिएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- ❖ नीति कार्यक्रम र बजेट व्यवस्था भएपनि कोभिड १९ का कारण पोषण तर्फको कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न समस्या हुनु ।
- ❖ मेडिकल अफिसर, सिनियर र अनुभवि स्वास्थ्यकर्मी तथा विश्वासनिय ल्याव सञ्चालन भए पनि आम नागरिकलाई हाम्रो स्वास्थ्य सेवाको गुणस्तर बारे समयमा नै प्रचार हुन नसक्दा बाहिरी महङ्गा अस्पताल र क्लिनिकमा स्वास्थ्य सेवा लिनु ।
- ❖ पुर्वाधार मात्र विकास हो भन्ने सोच समाज तथा जनमानसमा रहनु ।
- ❖ 4 th ANC संस्थागत सुत्केरी र पि.एन.सि. सेवाको प्रभावकारीता न्युन हुनु ।
- ❖ CBIMNCI/CBNCP कोभिड १९ का कारण सेवा लिन कम आउनु ।
- ❖ कार्यक्रम र सेवाको विस्तार अनुसार औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था गर्न कठिनाई रहनु

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदम र सुझावहरु :

- ❖ गर्भ जाँच प्रथम भिजिट ६० %, प्रोटोकल चौथो भिजिट ३५ प्रतिशत, संस्थागत सुत्केरी २ % रहेको छ । ४ पटक गर्भवती जाँच तथा संस्थागत सुत्केरी गराउनेको संख्यामा देखिएको तथ्याङ्क न्यून भएकोले संख्यामा बृद्धि गर्न आवस्यक देखिन्छ ।
- ❖ मेडिकल अफिसर, सिनियर र अनुभवि स्वास्थ्यकर्मी तथा विश्वासनिय ल्याव सञ्चालन भए पनि आम नागरिकलाई हाम्रो स्वास्थ्य सेवाको गुणस्तर बारे समयमा नै प्रचार हुन नसक्दा बाहिरी महङ्गा अस्पताल र क्लिनिकमा स्वास्थ्य सेवा लिइरहेको अवस्थालाई रोक्न आवस्यक देखिन्छ ।
- ❖ जन्म देखि नै हुने अपाङ्गता रोकथामको कार्य प्रभावकारी रुपमा संचालन भइरहेको छ । तथ्याङ्कमा देखिएको अपाङ्गता बालबालिकाका लागि विद्यालय शिषामा अपाङ्गता मैत्री सिकाई गतिविधि समावेश गर्न सुझाव दिइन्छ ।
- ❖ स्वास्थ्य विपद्को समयका लागि तालिम प्राप्त केही दक्ष प्राविधिकहरु तयारी अवस्थामा राख्ने ।
- ❖ समय अनुकुल स्वास्थ्यकर्मीहरुलाई तालिमको व्यवस्था गर्नुपर्ने ।
- ❖ MDGको प्रगतीका आधारमा SDG का लक्ष्यलाई प्राप्त गर्न रणनीति तयार गरी कार्यान्वयन गर्न ।
- ❖ सरकारी तथा निजी सवै स्वास्थ्य संस्थाहरुको तर्फबाट उपलव्ध गराईएका स्वास्थ्य सेवाहरुलाई समय मै एकीकृत गरी विवरण अध्यावधिक गरी राख्नुपर्ने ।
- ❖ कार्यक्रम र सेवाको विस्तार भएसँगै जनशक्ति, औजार, उपकरणको आवश्यक व्यवस्था हुनुपर्ने ।
- ❖ स्वास्थ्य सेवालिन तथा सरकारले तोकेको आधारभूत सेवालिनको लागि स्थानीयस्तरमा प्रचारात्मक कार्यलाई थपप्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथमिकता दिनु पर्ने ।
- ❖ कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध मिलाउन आवस्यक देखिन्छ ।
- ❖ दुर्लभ रगतको ब्यवस्थापनको लागि यूवा लक्षित Blood Grouping कार्य गर्न सुझाव दिइन्छ ।
- ❖ नसर्ने रोगलाइ समयमै सचेतना बढाउन ४० बर्ष माथिको उमेर समुहका र जेष्ठ नागरिक स्थानीय बासीहरुका लागि सामान्य तर महत्वपूर्ण रहेका नसर्ने रोगहरु ब्लड सुगर, ब्लड प्रेसर, क्यान्सर, दम जस्ता रोगहरुको निशुल्क जाँचलाई नियमितता गरी समयमै नसर्ने रोगको पहिचान र उपचार गर्ने साथै महिला स्वास्थ्य स्वयंमसेविकाहरुको सेवालाई थप प्रभावकारी बनाउने ।
- ❖ स्वास्थ्यकर खानपान र व्यायाम सम्बन्धि स्वास्थ्य शिक्षामा जोड दिन सुझाव दिइन्छ ।
- ❖ जेष्ठ नागरीकको स्वास्थ्यलाई मध्यनजर गरी घरदैलो सेवाको सुरुवात गर्न सुझाव दिइन्छ ।
- ❖ स्वास्थ्य बिमा कार्यक्रममा गरिएको बजेट ब्यवस्थालाई ब्यवस्थित गरी निरन्तरता दिन सुझाव दिइन्छ
- ❖ नीति अनुरुपका कार्यक्रम र बजेटको यथेष्ठ व्यवस्था गरि जनताको स्वास्थ्य नै ठूलो धन हो भन्ने भावनालाई मध्यनजर गर्दै कार्यक्रममा समेट्न सुझाव दिइन्छ ।

## १.विषयगत शाखा/कार्यालयको नाम : (ख) शिक्षा शाखा

## २. पालिका स्तरिय मुख्यलक्ष्य :

- ❖ शिक्षको व्यावस्थापनलाई सुधार गर्न सूचना, संचार र प्रविधिसंग आवद्ध गर्दै गुणस्तरीय शिक्षाको विकासमा जोड दिने ।
- ❖ विद्यालयहरुलाई वालमैत्री बनाउँदै सिप र सँस्कार सहितको शिक्षाका लागि अभिभावक जागरण कार्यक्रम संचालन गर्ने ।

## ३. पालिका स्तरिय मुख्य उद्देश्य :

- ❖ शिक्षालाई प्रविधिसँग जोड्दै व्यावसायिक शिक्षा प्रदान गर्ने ।
- ❖ विद्यालयको सहज पहुँच नभएका पहाडी क्षेत्रमा विद्यालयमा आवसको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।
- ❖ गुणस्तर सुधारका लागि शिक्षक डायरीको व्यवास्थान, शैक्षिक सामाग्री, शिक्षकतालिम र निरन्तर विद्यार्थी मूल्यांकन गर्ने ।
- ❖ पहुँचकालागि छात्रवृत्तिको व्यवस्था, शौचालय, विद्यालय भवन, फर्निचरको व्यवस्था गर्ने ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :

| आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| विद्यालयक्षेत्र सुधार योजना | ✓ विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालयको पहुँच सहज बनाउने ।<br>✓ विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गर्ने<br>✓ भौतिक उपस्थिति हुन नसकेको समयमा सिकाई पद्धतिलाई समय अनुकुल सुधार गरिनेछ ।<br>✓ आवश्यक पूर्वाधारहरुको व्यवस्था गरिनेछ ।<br>✓ शिक्षकहरुलाई समय सापेक्ष तालिमको व्यवस्था गरिनेछ ।<br>✓ अनुशासितजनशक्तितयार गरिनेछ । | • विद्यालय जाने उमेरका अधिकांश बालबालिका विद्यालय गएको ।<br>• प्रविधिमैत्रि शिक्षामा जोड दिदै प्राविधिक धारको कक्षा संचालन गरी ४८ जना विद्यार्थीले सिभिल इन्जिनियरिङ को सुरु कक्षा अध्ययन गरेको ।<br>• पहाडी क्षेत्रका विद्यालयहरुमा पूर्ण कक्षा संचालनगर्न सफल रहेको र तराई क्षेत्रका विद्यालयहरुमा आंशिक रुपमा पठनपाठनको सुरुवात भएको ।<br>• सिकाई पद्धतिलाई समय अनुकूल सुधार गर्न सकिएको । | सन्तोषजनक रहेको । |

| | | | |
|---|---|---|---|
| | | जस्तै :टोलटोल शिक्षा, निशुल्क सि.यु.जि. सिम, अनलाइन कक्षा सञ्चालन गरिएको ।<br>● प्रविधि मैत्री तालिम प्रदान गरिएको । जस्तै : कम्प्युटर तालिम, अनलाइन कक्षा संचालन तालिम ।<br>● अनुशासित जनशक्ति तयार गर्न वैकल्पिक विधिको खोजी गर्ने कार्यको थालनी भएको ।<br>● लैगिक मैत्री शौचालय निर्माण गरिएको । | |
| शिक्षा गुणस्तर सुधारका प्रयास | **शैक्षिक समता र समावेशीकरण**<br>● शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम**<br>● विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषिव्यापारसँग जोड्ने।<br>सबै विद्यालयमा लैङ्गिक फोकल पर्सनको व्यवस्था तथा महिला स्वयम् सेवक परिचालन गर्ने।<br>**विद्यालय भौतिक पूर्वाधार विकास**<br>● विद्यालय पूर्वाधारहरु लाई बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री आवश्यक मापदण्ड विकास र कार्यान्वयन<br>**शिक्षामा सूचना र प्रविधि**<br>● विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।<br>**आपतकालिन शिक्षा**<br>● कोभिड १९ का कारण भौतिक कक्षा संचालन गर्न नसकिए पनि व्यवस्थापन समिति, विद्यालयको | **शैक्षिक समता र समावेशीकरण**<br>● शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरू लाई शिक्षामा पहुँच पुऱ्याउन विद्यार्थी भर्ना अभियान सञ्चालन गरीएको।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम**<br>● विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषिसँग जोड्दै विद्यालयमा आधारित खाजा प्रणली लागू गरिएको ।<br>● सबै विद्यालयमा लैङ्गिक फोकल पर्सनको व्यवस्था गरी सेनिटरी प्याड वितरण गरिएको ।<br>● **विद्यालय भौतिक पूर्वाधार विकास**<br>● विद्यालय पूर्वाधारहरु लाई बालमैत्री, अपङ्गता र लैङ्गिक मैत्री आवश्यक मापदण्ड विकास र कार्यान्वयन | शिक्षा गुणस्तर सुधारका प्रयासहरु समय सापेक्ष सुधार आएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | तर्फबाट वैकल्पिक शिक्षाको थालनि गर्ने।<br>CUG SIM मार्फत सिकाइ सहजीकरण । | गरिएको। **शिक्षामा सूचना र प्रविधि**<br>• IEMIS क्षमता विकास तालिम कार्यक्रम सञ्चालन<br>**आपतकालिन शिक्षा**<br>• कोभिड १९ का कारण भौतिक कक्षा संचालन गर्न नसकिए पनि व्यवस्थापन समिति, विद्यालयको तर्फबाट टोल सिकाइ कार्य भएको।<br>• CUG SIM मार्फत पालिका मार्फत वितरण गरिएको । | |

## ५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :

- ❖ शिक्षालाई सूचना, संचार प्रविधिसंग आवद्ध गर्दै गुणस्तरिय शिक्षाको प्रवर्द्धन गर्ने लक्ष सहित कार्य भएको ।
- ❖ विद्यालयहरुको यथार्थ अवस्थिति पत्ता लगाउनका लागि सबै विद्यालयलाई गुगल म्यापमा लोकेट गरी IEMIS DATA सँग आवद्ध गरिएको ।
- ❖ विद्यालयहरुको सुरक्षाका लागि ७ वटा मा.वि. मा IPS CC Camera जडान गरिएको ।
- ❖ विकट भूगोलका कारण घरबाट आउने दुरी धेरै भएको टाँडी मा.वि. रमितेखोला र धेरै विद्यार्थी भएको कालिका मा.वि. मिक्लाजुङमा विद्यार्थी आवास व्यवस्थापन गरिएको ।
- ❖ प्राविधिक शिक्षाको विकास र विस्तार गरी प्राविधिक धार तर्फ ४८ जना विद्यार्थीले सिभिल इन्जिनियरिङ कक्षामा अध्ययन गर्न सुरु गरेको ।
- ❖ उच्च शिक्षालाई थप व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नका क्याम्पस संचालनका लागि मनोहर जनता मा.वि.को जग्गामा ६ कोठे पक्की भवन, पुस्तकालय, शौचालय सहितको पूर्वाधार तयार गरिएको
- ❖ स्थानीय भाषा संरक्षण र प्रवर्द्धनका लागि किराँत भाषा र लिपी संरक्षणका लागि वडा नं. ८ मा भाषा कक्षा संचालन गरिएको ।
- ❖ कोभिड १९ को रोकथाम न्यूनीकरण गरि विद्यालयमा वैकल्पिक शिक्षा प्रणालीको अवलम्बन गरिएको
- ❖ न्यून दरबन्दि भएका विद्यार्थी संख्या धेरै भएका अग्रेजी माध्यमबाट पठनपाठन गर्ने सामुदायिक विद्यालयहरुलाई शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको ।
- ❖ विद्यार्थी कम भएका, एक आपसमा भौतिक रुपमा नजिक रहेका विद्यालयलाई सम्भाव्यता अध्ययनको आधारमा कक्षा घटाउने, एक आपसमा समायोजन गर्दै ठूला विद्यालयको स्थापना र विकासमा जोड दिने साथै उच्च पहाडी क्षेत्रमा आवसिय विद्यालय स्थापनाका लागि आवश्यक पहल गर्ने ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| समावेशी शिक्षा | **गाउँपालिकामा रहेका कूल बालबालिका मध्ये :**<br>● दलित बालबालिका<br>● अपाङ्गता बालबालिका<br>● आदिबासी जनजाती समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच बढाउन शिक्षामा लक्षित वर्गको सहभागितामा वृद्धि गर्ने उद्देश्यले विभिन्न तहमा छात्रवृत्ति प्रदान गरिएको । |
| पहुँच अभिवृद्धि | ● दलित, छात्रा, द्वन्द पीडित तथा लक्षित समूहलाई छात्रवृतिको व्यवस्था गरिएको ।<br>● आधारभूत र मा.वि मा पाठ्यपुस्तक वितरण गरिएको ।<br>● बालविकास केन्द्र मार्फत बाल शिक्षा संचालन गरिएको ।<br>● दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको । |
| समावेशिकरण | ● सकारात्मक विभेद र आरक्षका कारणले शिक्षकहरुको संख्यामा विविधता व्यवस्थापन हुँदै गएको ।<br>● अनिवार्य तथा नि:शुल्क शिक्षा प्रदान गरिएको ।<br>● छात्रवृद्धि प्रदान गरिएको ।<br>● संघिय सरकार तथा स्थानीयतह एवम् गैससको विभिन्न पहलहरुका कारण सबै जातीभाषा धर्म र संस्कृतिका विद्यालय उमेरका बालबालिका विद्यालय जाने वातावरण बनेको । |
| गुणस्तरीय सुधार | ● शिक्षालाई सूचना संचार र आजको प्रविधिसंग जोड्दै लाने कार्यको सुरुवात भएको ।<br>● भौतिक रुपमा कक्षा संचालन हुन नसकेका केहि वडामा प्रविधि युक्त शिक्षण विधिबाट सिकाई कार्यको सुरुवात भएको ।<br>● वैकल्पिक शिक्षण सिकाइको खोजी भएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- ❖ विकट पहाडी भू-भाग र यातायातको सुविधा नभएकाका कारण अझैपनि पहाडी क्षेत्रमा पर्ने वडा नं. १ देखि ५ सम्म आधा घण्टाभित्र २५% बालबालिका विद्यालयसम्म नपुग्ने अवस्था विद्यमान रहेको
- ❖ अपाङ्गता भएका बालबालिकाहरुमा अपाङ्ग मैत्री शिक्षण सिकाइ वातावरण तयार गर्न ।
- ❖ वैकल्पिक विधिबाट शिक्षण सिकाई कार्यको सुरुवात भएपनि केही प्रतिशत विद्यार्थीमा भने पहुँच स्थापित गर्न समस्या रहेको ।

- ❖ वैकल्पिक विधिबाट शिक्षण सिकाई कार्यको सुरुवात भएपनि बहुसंख्यक शिक्षकहरुलाई प्रविधि संग शिक्षण सिकाईका क्रियाकलाप संचालन गर्न कठिनाई रहेको ।
- ❖ वैकल्पिक विधिबाट शिक्षण सिकाई कार्यको सुरुवात भएपनि पालिकाका सबै विद्यालय तथा विद्यार्थीको पहुँचमा तत्कालै प्रविधिको विकास गर्न कठिनाई रहेको ।
- ❖ अभिभावकलाई बालवालिकाको सिकाइ प्रति जवाफादेही वनाउन नसकिएको ।
- ❖ कक्षा छोड्ने दर अझैपनि केहि प्रतिशत रहेको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :

- ❖ विद्यार्थी आधा घण्टा भित्र विद्यलय नपुग्ने क्षेत्रका विद्यालयहरु रहेको क्षेत्रका विद्यालयमा आवास सुविधा थप गरी विद्यालय समायोजन गर्न सकिने ।
- ❖ विद्यालयमा प्रत्यक्ष सिकाइ हुन नसक्ने अवस्थामा समेत सिकाइलाई निरन्तरता दिन स्थायी संयन्त्रको विकास गर्नु पर्ने ।
- ❖ अपाङ्गता भएका बालबालिकाका लागि सहज सिकाइ वातावरण तयार गर्नु पर्ने ।
- ❖ प्रविधिसंग शिक्षण सिकाईका क्रियाकलापलाई जोड्दै सिप र सँस्कार सहितको शिक्षा प्रदान गर्न अभिभाक जागण अभियान संचालन गनुपर्ने ।
- ❖ एकिकृत बस्ती विकासको अवधारणालाई छरिएर रहेको क्षेत्र समेट्नु पर्ने ।

## १.विषयगतशाखा/कार्यालयको नाम : (ग) कृषिशाखा

## २.पालिका स्तरिय मुख्यलक्ष्य :

- कृषि पेशालाई व्यवसायिक, आधुनिकिकरण, प्रविधियुक्त र नमूना बनाउँदै कृषि फर्म र कृषकहरुलाई आवस्यक कृषि सामग्रीको व्यवस्था मिलाउँदै उत्पादन बृद्धि गर्ने ।
- कृषि, पशुपक्षी, फलफूल तथा तरकारीलाई व्यवसायिकरण गर्दै आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्ने ।
- कृषि पकेट क्षेत्र कार्यक्रमलाई व्यवस्थित गर्दै लैजाने ।

## ३.पालिका स्तरिय उद्देश्यहरु:

- किसान सूचिकरण, बर्गिकरण गरि किसानलाई परिचय पत्रको व्यवस्था गरिने ।
- फलफूल पकेट र तरकारी पकेट कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
- सिंचाइको दिगो व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखिनेछ ।
- कृषकहरुले प्रयोग गर्दै आएका बढी लागत लाग्ने प्रविधिको सट्टा कम लागत लाग्ने बढी उत्पादनशील आधुनिक कृषि औजार उपकरणमा अनुदान सहुलियत कृषि ऋणको व्यवस्था गर्ने ।

- सहज रुपमा कृषि सामग्रीको आपूर्ती तथा उत्पादित कृषि उपजको बजारको सुनिश्चितताको लागि आवश्यक संयन्त्रको विकास गर्ने ।
- दिगो भू:व्यवस्थापनका लागि भूउपयोगी कार्यक्रम ल्याई बाँझो जमिन राख्न र खण्डिकरण गर्न निरुत्साहित गरिने ।
- भूगोल अनुसारका बालि बिरुवा लगाउन प्रोत्साहन गर्ने ।
- अर्गानीक खेतिलाई प्रोत्साहन गर्न वैकल्पिक मल तथा विषादीको घरमा नै प्रवन्ध मिलाउन किसानहरुको क्षमता बढाइने ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :

| संचालित आयोजना/कार्यक्रम | लक्ष्य | उपलव्धी | कैफियत |
| --- | --- | --- | --- |
| प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने । | • आधुनिक प्रविधि हस्तान्तरण गर्दै उत्पादन लागत घटाउने ।<br>• जोखिम व्यवस्थापनका साथै रोग किरा नियन्त्रणका लागि प्राविधिक सेवा उपलब्ध गराउने । | • २२ वटा डिप बोरिङ्, २३ वटा च्याप कटर, ३३ वटा मकै छोडाउने मेसिन, ९ वटा मिनि ट्रिलर, सिँचाई पाइप लगायत विभिन्न कृषि सामग्री वितरण भएको ।<br>• बालीमा देखिने माहामारी रोग तथा मौषमी किराहरुको ब्यवस्थापनका कार्यक्रम गरिएको । | प्रविधि र प्राविधिक क्षेत्रमा कृषकलाई अनुभूति हुने खालको कार्यको सुरुवात भएको |
| बालि बिकास कार्यक्रम | कम उत्पादन हुने बालीको सट्टा बढी उत्पादन दिने बालीको खोजि गरिने । | • मेकाडेमिया नट (जापानिज नट) को खेतिको अनुसन्धान प्रारम्भ गरिएको । अनाज, तरकारी तथा फलफूलका बढी उत्पादन दिने बिउको खोजि गर्ने वातावरण सिर्जना गरिएको ।<br>• उन्नत जातको धानको बिउ ९ टन वितरण गरिएको ।<br>• मौषमी तथा बेमौसमी बालिको खोजि गरि आयआर्जनको बाटो कृषकहरुका लागि निर्माण गरिएको<br>• छिटो फल्ने बालीको खोजि गरी उक्त बालि लगाउन उत्प्रेरणा प्रदान गरिएको । | कृषकको जीवनस्तरमा सुधार आएको । |

| | | | |
|---|---|---|---|
| | | • तरकारी पकेट कार्यक्रम अन्तर्गत हात्तीमारामा सामुहिक खेति संचालनमा आएको । | |
| आईपीएम पाठशाला | कार्यक्रम नै नभएको । | कार्यक्रम नै नभएको । | - |
| कृषि तालिम संचालन गर्ने | आधुनिक र प्रविधियुक्त कृषि व्यवसायबाट आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्ने | • मौषमी तथा बेमौसमी नगदे बाली उत्पादन प्रति युवाहरु आकर्षित भएका ।<br>• टोल टोलमा कृषि व्यवसायिक फर्म दर्ता तथा संचालनमा युवा आकर्षित भई आयआर्जनको बाटो खुलेको । | कृषिप्रति युवाहरुको आकर्षण बढ्दो रहेको । |
| कृषि बिमा | कृषि बिमाको प्रवन्ध मिलाउने । | • सबै वडाका व्यवसायिक कृषि फर्महरुलाई कृषि बिमा गर्नुपर्छ भन्ने सोचको विकास गराउन सफल भएको । | कृषिमा देखिने जोखिम व्यवस्थापन हुने सम्भावना रहेको । |
| अनुदान लक्षित कार्यक्रम | उत्पादन बृद्धि गर्ने । स्वरोजगार निर्माण गरि आत्मानिर्भर बनाउने । | • कृषि यान्त्रिकरण अनुदानका कारण महंगो बन्दै गएको श्रम बजार सरलीकरण गर्न सफल भएको । साथै समयमा नै यान्त्रिक बस्तुको कारण बालि लगाउन सहज भएको<br>• बिऊ, बिरुवा, टनेल अनुदानका कारण कृषकहरु आकर्षित भइ गाउँगाउँमा स्वरोजगार निर्माण गरेको साथै ग्रामिण भेगका आम नागरिकहरु आत्मनिर्भर बन्दै गएको | युवाहरुको कृषि व्यवसाय प्रति आकर्षण बढेको । |

## ५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :

- फलफूल तथा नगदेबालीबाट आत्मनिर्भरताका लागि मेकाडेमिया नट (जापानिज नट) को खेतिको अनुसन्धान प्रारम्भ गरिएको ।
- तरकारी पकेट कार्यक्रम अन्तर्गत हात्तीमारामा सामुहिक खेति संचालनमा आएको ।
- कृषकहरुले प्रयोग गर्दै आएका बढी लागत लाग्ने प्रविधिको सट्टा कम लागत लाग्ने बढी उत्पादनशील आधुनिक कृषि औजार उपकरण अनुदानमा २२ वटा डिप बोरिङ्, २३ वटा च्याप कटर, ३३ वटा मकै छोडाउने मेसिन, ९ वटा मिनि ट्रिलर, सिँचाई पाइप लगायत विभिन्न कृषि सामग्री वितरण भएको ।

- बढी उत्पादन हुने उन्नत जातको धानको बिउ ९ टन वितरण गरिएको ।
- युवावर्गहरुलाई सामुहिक खेति प्रणालीमा अनुदानको व्यवस्था नीतिगत रुपमा सुरुवात भएको ।
- भूमिको उत्पादन र उत्पादकत्व बृद्धिका लागि पकेट कार्यक्रमलाई लागू गर्ने नीतिगत रुपमा व्यवस्था भएको ।

## ६. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- खाद्य अनुशासन बिग्रीएको अवस्था छ । स्थानीय धान, मकै गाईबस्तुलाई पोलिस गरिएको चामल मानिसले प्रयोग गरेको देखिन्छ साथै मकै कोदोको सट्टा चाउचाउ, दहि मोहिको सट्टा कोक फेण्टा जस्ता बस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्न नसक्नु ।
- बाटो मात्र विकास हो भन्ने सोच नेतृत्व तथा जनतामा कायमै रहनु ।
- वडा स्तर बाटै योजना छनोटमा कृषिलाई प्राथमिकतामा नराख्नु ।
- मिक्लाजुङको केरा, अम्लिसो, सुपारी आफ्नै पाराले बाहिर निर्यात भइरहेकोले पालिकाले आफ्नो ब्राण्डिङ् बनाउन नसक्नु ।
- कृषि विमालाई तल्लो तह सम्म पुऱ्याउन नसक्नु ।
- माटोको प्राङ्गारिक जाँच, पि.एच. लेवल लगायतका माटो सुधारका कार्यका लागि यथेष्ठ नीति नहुनु ।
- गाउँपालिकाको प्राथमिकतामा कृषि भन्दै गैह्र कृषि क्षेत्र पर्नु ।
- कृषकहरु पनि उत्पादनमा भन्दा अनुदान केन्द्रित कार्यक्रमको सोचमा रहनु ।

## ७. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :

- पालिकामा खाद्य प्रविधि शाखा स्थापना गरी कृषकहरुले स्थानीय धान, मकै गाईबस्तुलाई ख्वाउने र बाहिरबाट आएका पोलिस गरिएको चामल मानिसले प्रयोग गरेको देखिन्छ साथै मकै कोदोको सट्टा चाउचाउ, दहि मोहीको सट्टा कोक फेण्टा जस्ता बस्तुहरुको प्रयोगलाई परामर्श दिई स्थानीय बस्तुको उपभोग गर्ने वातावरण सिर्जना गर्न आवस्यक देखिन्छ ।
- मिक्लाजुङको केरा, अम्लिसो, सुपारी आफ्नै पाराले बाहिर निर्यात भइरहेकोले पालिकाले आफ्नो ब्राण्डिङ् बनाउन आवस्यक देखिन्छ ।
- प्राविधिक जनशक्तिको व्यवस्थापन गरि उत्पादनमुलक र संरक्षणमूलक कृषि प्रणालीलाई जोड दिनुपर्ने ।
- माटोको प्राङ्गारिक जाँच, पि.एच. लेवल लगायतका माटो सुधारका कार्यका लागि यथेष्ठ नीति बनाई अघि बढ्नुपर्ने देखिन्छ ।
- कृषि उत्पादन र कच्चा पदार्थसँग सम्बन्धित साना र लघु उद्योग व्यवसाय सञ्चालन गरि युवाहरुलाई समेट्नु पर्ने देखिन्छ ।
- उर्बरा भूमिलाई बाँझो हुनबाट रोक्नुपर्ने र बाँझो राख्नेलाई कारबाही गर्ने नीति ल्याउन आवस्यक देखिन्छ ।

- मिक्लाजुङको पहाडी भू-भागमा अनुसन्धानमा रहेको फल मेकाडेमिया नट (जापानिज नट) र वडा नं. ५ र ८ को सुपारी, वडा नं. ४ को तरकारी, टाँडीको केरालाई विशेष ब्राण्डिङ् गरी आय-आर्जन भित्र्याउन आवस्यक देखिन्छ ।
- कृषि बिमालाई थप प्रभावकारी बनाउदै लैजानुपर्ने ।
- कृषकहरुलाई प्रदान गरिने विभिन्न अभिमुखीकरण तालिमहरु थप प्रभावकारी रुपमा अघि सार्नुपर्ने
- दिगो भु:व्यवस्थापनको लागि भू:उपयोग कार्यक्रम अघि सार्नुपर्ने ।

## १.विषयगतशाखा/कार्यालयको नाम : (घ) पशुपंक्षी शाखा

## २.पालिका स्तरिय मुख्यलक्ष्य :

- पशुपालन पेशालाई व्यवसायिक बनाउँदै अण्डा, मासु र दुधमा आत्मनिर्भर बनाउने ।

## ३. पालिका स्तरिय मुख्य उद्देश्यहरु

- उन्नत नस्ल सुधार, गाईपालन, बंगुर पालन, कुखुरा पालन, बाखा पालन, गोठ सुधार, खोर सुधार, कृषि फर्म सुदृढीकरणमा जोड दिदै स्वरोजगार निर्माण गर्ने तथा आयस्तरमा सुधार ल्याउँदै उत्पादित बस्तुको निर्यातसम्मको व्यवस्था गर्ने ।
- पशुहरुमा देखिने महामारी जन्य रोग नियन्त्रणका लागि शिविर सञ्चालन गरी स्वस्थ्य पशु बनाउने ।

## ४. गत आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण :

| आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| पशु विकास कार्यक्रम | युवा लक्षित गाई, बंगुर, कुखुरा पालन पेशालाई व्यवसायिक तथा सुदृढिकरण गर्ने । | • गाई भैसीमा कृतिम गर्भाधान गाईका बाच्छी वितरण कार्यक्रम सञ्चालन गरि दुध उत्पादनमा बृद्धि भएको<br>• गोठ तथा खोर सुधार कार्यक्रम संचालन गरि मासु तथा दुध उत्पादनमा बृद्धि भएको ।<br>• उन्नत जातका बोका पाठीहरु वितरण गरि मासु उत्पादन बृद्धि भएको । | पशु विकास कार्यक्रम मार्फत ग्रामिण भेगका नागरिकको जीवनस्तरमा परिवर्तन आएको । |
| पशु स्वास्थ्य कार्यक्रम | स्वस्थ तथा निरोगी पशु बनाउने लक्ष्य रहेको । | • पशुमा देखिने माहामारी जन्य रोगहरुको रोकथामका साथै भ्यागुते, चर्चरे जस्ता रोगहरुका लागि रोग विरुद्धका खोप, भ्याक्सिन कार्यक्रम संचालन गरिएको ।<br>• मौषमी रोगहरुको नियन्त्रण तथा व्यवस्थापनका लागि चाहिने आवस्यक औषधी उपचारको व्यवस्था गरिएको । | पशुलाई देखिने जटिल तथा समान्य रोगहरुको समाधानका लागि पहल भएको । |

| | | | |
|---|---|---|---|
| पशु आहारा सेवा | उत्पादन बृद्धिका लागि पशु आहारा सेवा कायक्रम अन्तर्गत घाँसका बिउ वितरण । | • जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भनेजति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखि उन्नत जातका घाँसका बिउहरु, बहुबर्षे घाँसका बिरुवाहरु वितरण गरि दुध तथा मासु उत्पादन बृद्धि भएको । | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | पशु स्वास्थ्य नियमन कार्यक्रम संचालन गर्ने । | • पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता कार्यक्रमहरु संचालन गरिएका जसबाट स्वस्थ पशु र स्वस्थ उत्पादनमा क्रमिक सुधार भएको । | पालिकाले आफ्नो नीति कार्यक्रममा नै प्राथमिकताका साथ उठान गरेको । |
| पशु सेवा प्रसार कार्यक्रम | पशु सेवा प्रसार कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको । सुँगुरको पाठाको परिपूर्ति पुरा भएको । | • पशु व्यवसायबाट पनि प्रशस्त आम्दानी लिन सकिन्छ भन्ने सोचको विकास भएको ।<br>• व्यवसायिक पशु फर्महरु व्यवस्थित रुपमा संचालनको सुरुवात भएको ।<br>• खोर सुधार कार्यक्रम संचालन गरिएको<br>• नस्ल सुधार कार्यक्रम संचालन गरिएको ।<br>• महामारीजन्य रोगहरु बिरुद्धको प्रचारात्मक कार्यक्रमहरु संचालन गरिएको । | पशु क्षेत्रका कार्यक्रमबाट स्वरोजगार निर्माण हुनुका साथै आय आर्जनमा बृद्धि भएको । |

## ५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य-मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :

- पालिका भरिका कृषक छनोट गरी कृषि फर्म सुदृढीकरणका लागि १० वटा गोठ सुधार, १४ वटा उन्नत जातका बाच्छी, २ वटा बोका, ५ वटा राँगा, २ वटा गोरु अनुदानमा वितरण गरिएको ।
- घाँसका विऊ विजन, औषधि वितरण कार्यलाई पहिलो प्राथमिकतामा राखिएको ।
- दुध ,फूल, मासु उत्पादन बृद्धि गर्दै बजारीकरण प्रशोधन प्रबर्द्धन कार्यक्रममा जोड दिइएको ।
- गाउँ टोलका शिक्षित युवाहरुलाई बिदेश पलायन हुनबाट पशुपालन व्यवसायतिर आकर्षित गर्ने कार्य गर्न सुरु गरिएको ।

## ६. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- पशुपंक्षी उपचार सेवाशाखा/ल्यावको सबै वडामा व्यवस्था नभएको कारण पशुमा देखिने जटिल तथा सामान्य खाले रोगहरुको चाँडै पहिचान गर्न कठिन भएको ।
- युवा लक्षित व्यवसायिक फर्महरु संचालनमा आएपनि अनुदान केन्द्रित कार्यक्रम प्रति बढी फोकस हुनु

- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मात्रामा बजारीकरणको समस्या रहेको ।

## ७. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :

- भौगोलिक अवस्था हेरी पशुपंक्षी उपचार सेवा, ल्यावको व्यवस्था मिलाई पशुमा देखिने जटिल तथा सामान्य खाले रोगहरुको चाँडै पहिचान गर्न सुझाव दिइन्छ ।
- पशुपालन कार्यक्रम, व्यवसायिक फर्महरु संचालनमा आएपनि अनुदान केन्द्रित कार्यक्रम प्रति बढी फोकस भएकाले व्यवसायिक बन्ने तर्फ जोड दिन सुझाव दिइन्छ ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मात्रामा बजारीकरणको समस्या रहेकोले बजारको उचित व्यवस्थापन गर्न सुझाव दिइन्छ ।
- नवप्रवर्तनकारी युवा तथा उद्यमी र बैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा शिपयुक्त उद्यमशिल युवाहरुलाई उद्यम व्यवसाय शुरु गर्न व्यवसायिक योजनाका आधारमा सुरुवाति पूँजी उपलब्ध गराउनुपर्ने ।

## १. विषयगत शाखा/कार्यालयको नाम : (घ) घर नक्सा शाखा :

## २.मुख्य लक्ष्य :

❖ गाउँपालिकाभित्र रहेका सम्पूर्ण घरधुरीको अवस्था सहितको सर्वेक्षण गर्ने ।

## ३. उद्धेश्य :

❖ गा.पा.मा निर्माण भएका भौतिक संरचनाहरु भुकम्प प्रतिरोधी र वातावरण मैत्रि निर्माण गर्ने

## ४. मुख्यउपलब्धिहरु :

❖ घर नक्सा शाखालाई अनलाइन सिस्टममा आबद्धताको प्रकृया सुरुवात गरिएको ।

❖ प्रविधि मैत्रि घर नक्साशाखा र समस्या रहित मिक्लाजुङ गाउँपालिका बनाउन सफल रहेको ।

## ५. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

❖ अवस्था सहितको घरधुरी सर्वेक्षण पूर्ण गर्न नसकिएको ।

❖ ऐलानी पर्ति जमिनका कारण बस्तिबिकास योजनालागू गर्न चुनौति रहेको ।

❖ प्राविधिकजनशक्तिप्रयाप्ततामा कठिनाई रहेको

## ६. भावी कार्यकक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :

❖ निर्माण सम्पन्नलिएका, निर्माण सम्पन्न भइसकेका, निर्माणमा नै आधा रहेका घरहरुको अभिलेखीकरण गरि गाउँपालिकाको बास्तविक अवस्थाको तथ्याङ्क राख्नुपर्ने ।

❖ निर्माण भएका तर प्रकृयामा नआएका घरहरुको अभिलेखीकरण रार्ख्नुपर्ने ।

## १.विषयगत शाखा/कार्यालयको नाम : (ङ) : वित्तिय तथा सहकारी शाखा

## २.मुख्य लक्ष्य :

- ❖ सहकारी संस्थाहरुलाई उत्पादनसँग जोड्न प्रोत्साहन गर्ने ।

## ३. उद्धेश्य :

- ❖ कृषिजन्य बस्तुको मुल्य श्रृङ्खलामा सहकारी संस्थालाई परिचालन गरिने ।
- ❖ आन्तरिक करका दायराहरु बृद्धि गर्दै लगिनेछ ।
- ❖ करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

## ४. मुख्य उपलब्धिहरु :

- ❖ सहकारीको माध्यमबाट कृषि तथा पशु तर्फका कार्यक्रमहरु ग्रामिण क्षेत्रमा संचालन गरि स्वरोजगार तथा आयस्तरमा सुधार आएको देखिन्छ ।
- ❖ राजश्व संकलनबाट गाउँपालिका आत्मनिर्भर बन्दै गएको देखिन्छ ।
- ❖ प्रत्येक वडबाट राजश्व संकलनको कार्य व्यवस्थित भएको देखिन्छ ।

## ५. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- ❖ भौगोलिक बिकटताका कारण सबै नागरिकलाई सहकारीको पहुँच स्थापित गर्न नसकिएको ।
- ❖ कोभिड १९ का कारण सहकारी संस्थालाई उत्पादनसँग जोड्न केही कठिन भएको ।
- ❖ करको दर र दायराको अवस्थालाई बिश्लेषण गरि समयसापेक्ष बनाउने कार्य केही कठिन रहेको ।

## ६. भावी कार्यकक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :

- ❖ आन्तरिक करका दायराहरुलाई बृद्धि गर्दै लैजानुपर्ने ।
- ❖ बस्तुको उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण सहकारीको माध्यमबाट प्रयाप्त व्यवस्था गर्नुपर्ने
- ❖ सहकारीको माध्यमबाट रोजगारीका अवसरहरु सृजना गर्न सहकारी मैत्रि निति कार्यन्वयन गर्नुपर्ने

## १.विषयगत शाखा/कार्यालयको नाम : (च) : पर्यटन शाखा

**२. लक्ष्य :-** तालतलैया, सिमसारको संरक्षण, पर्यटन पूर्वाधार, निर्माण र विकासमा जोड् दिदै पूर्वी तराईको पर्यटकीय गन्तव्यको रुपमा विकास वृहत पर्यटकीय गुरु योजना तयार गरिनेछ ।

**३. उद्देश्यः-** पर्यटन पूर्वाधार विकासमा जोड् दिने ।
स्थानिय कला संस्कृति झल्कने संग्राहालयको संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

| | | |
|---|---|---|
| पर्यटक भित्र्याउने कार्यक्रम | पर्यटकीय गन्तव्य बनाउने | पहाडी इलाकाका रमणिय क्षेत्रहरु पहिचान गरी संरक्षण र आकर्षित बनाउने । सिमसार, जलाधार क्षेत्रको विकासमा जोड दिने । |
| आन्तरिक तथा वाह्य पर्यटक आएको संख्या | बृद्धि गर्ने | आन्तरिक पर्यटकको संख्या बढ्दै गएको । |

| | | |
|---|---|---|
| स्थानिय कला संस्कृतिको संरक्षण | सबै जातजाती भाषाभाषीको पहिचान स्थापित गर्ने | तामाङ, मगर, लिम्बु ,राईको कला संस्कृतिको विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने । |

## १.विषयगतशाखा/कार्यालयको नाम : खानेपानी तथा सरसफाई

**२. लक्ष्य :-**

- स्वास्थ्य खानेपानी दिगो व्यावस्थापन गरी सबै घरधुरीमा स्वच्छ पिउने पानीको व्यावस्था गर्दै लैजाने
- फोहोर मैला व्यावस्थापनका लागि डम्पिङ्गसाइट पहिचान गरी व्यवस्थित गर्ने

**३. उद्देश्य :-** साना शहरी खानेपानी योजना संञ्चालन गरिने बजार क्षेत्रको ढल निकासको दिगो विकास गरिने ।

| सूचक | क्रियाकलाप | उपलब्धि |
|---|---|---|
| स्वच्छ पानी पुगेको परिवार संख्या | मुहान संरक्षण, ट्याङ्की निर्माण, पाइप लाईन बिस्तार जस्ता कार्यक्रम गरिएको । | शत प्रतिशत बनाउने उद्देश्य अनुरुप क्रमश : सुधार हुँदै गएको । |
| शौचालय भएको परिवार | स्वास्थ्य चेतनाका कारण एक घर एक शौचालय सबै घरमा रहेको | शत प्रतिशत बनाउने उद्देश्य अनुरुप एक घर एक शौचालय सबै घरमा रहेको । |
| खानेपानीको पहुँच भएको विद्यालय | सबै विद्यालयमा खानेपानीको पहुँच रहेको । | शुद्ध पिउने पानीको पहुँच क्रमश : बृद्धि हुँदै गएको देखिन्छ । |

**प्रकृया गत सुधार :** शुद्ध खानेपानीका लागि संघीय सरकार, प्रदेश सरकार, साना शहकारी खानेपानी आयोजनासगँको सहकार्य सुरुवात भएको ।
डिप वोर्डिङ मार्फत पानीको आपूर्ति बढाउने मुहान संरक्षण तथा व्यवस्थापकको कार्यमा तिव्रता आएको

**खानेपानीको समस्या :–**

- पहाडी र तराई भूभाग रहेकाले पानीको श्रोतका कारण पानी पुऱ्याउन सफल रहे पनी शुद्ध पानीको पहुच भने स्थापित गर्न कठिनाई रहेको ।

- छरिएर रहेको बस्तीको कारण पहाडी भू-भागमा स्वच्छ पानी पूऱ्याउन अझ कठिनाई रहेको

**सुझाव :–**

- तराई भू-भाग टाँडी, र अन्य वडाहरु हुँदै समग्र मिक्लाजुङमा साना शहरी खानेपानी आयोजना संञ्चालन गरी स्वच्छ पिउने पानीको आपूर्ति पूरा गर्न सुझव दिइन्छ ।
- पहाडी भू-भागका लागि एकिकृत खानेपानी आयोजना संचालनको पहल गर्नु पर्ने देखिन्छ ।

# अनुसुची-४ को (७) संग सम्बन्धित

## सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु :

सामाजिक परीक्षण प्रकृयाले सामाजिक उत्तर दायित्वनिर्वाह गर्ने काम स्थानीय सरकारले कति गरिरहेको छ? भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवल पक्षहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### लक्ष्य (Goal)

- भौगोलिक बिकटता कोरोना भाइरसको संक्रमणका कारण समस्यमा परेका कृषि, पर्यटन, सार्वजनिक निर्माण, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, रोजगारीको व्यवस्था, न्यायोचित बिकासलाई प्राथमिकता दिने लक्ष्य लिइनु ।

### उद्देश्य (Objective)

- जनताको आय वृद्बि, रोजगारीको सिर्जना र आत्मनिर्भरताको बिकास गर्नु, प्राविधिक सिपमुलक तालिमको विशेष आयोजना गर्ने ।
- उत्पादन र आपुर्ति श्रृङ्खलालाइ पुनर्स्थापना गर्दै कृषि उत्पादन र पर्यटन विकासमा विशेष जोड दिने
- दिगो विकासका लक्ष्य, पन्ध्रौं योजना, प्रदेश सरकारका नीतिलाई जोड दिँदै समृद्ध नेपाल सुखि नेपालीको मुलभूत मान्यतालाइ आत्मसाथ गर्दै लैजाने ।

- आर्थिक विकासका क्षेत्रहरुलाई आधुनिकिकरण र सवलिकरण गरी मजबुद बनाउँदै स्वरोजगार उन्मुख मिक्लाजुङ निर्माण गर्ने ।
- कोभिड १९ को समस्या सम्बोधन हुने गरी गुणस्तरिय स्वास्थ्य सुविधा साथै शिक्षामा सबैको पहुँच स्थापना गर्न वैकल्पिक विधिको प्रयोगबाट सामुदायीक विद्यालयलाई प्रतिस्पर्धि बनाउने ।
- सामाजिक न्याय र समावेशिताका आधारमा विकास निर्माण र सेवा प्रवाह साथै वडा कार्यालय मार्फत विद्युतिय शुसासनमा अभिवृद्धि गरी जनतालाई सन्निकट राज्यको अनुभूति दिलाउने उद्देश्य रहेको छ

**आर्थिक क्षेत्र : क्षेत्र सुधारका लागि**

- वित्तिय तथा सहकारी संस्था (२८ वटा) सक्रिय भई पूँजी संकलन मासिक विवरण पालिकामा संकलन भई पूँजीको अवस्था जानकारी भई सहकारीको पूँजी बजारको बारेमा सरकारलाई बोध हुन थालेको देखिन्छ साथै साना व्यवसायिलाई सहकारी मार्फत ऋण लगानी, कृषि, पशुपालनको क्षेत्रमा लगानी गरी स-साना आर्थिक समस्याहरु स्थानीय स्तरबाट नै समाधान हुन थालेको देखिन्छ। बैदेशिक रोजगार तथा आन्तरिक व्यवसायबाट सिर्जित आयलाई उत्पादिनशील कार्यमा लगानीको बातावरण तयार भएको देखिन्छ ।
- सार्वजनिक खर्चमा मितव्ययी बन्दै सुसाशन पारदर्शिताका साथै मिक्लाजुङ गाउँपालिकाको आर्थिक समृद्धिका लागि नीजि क्षेत्रको लगानी प्रवर्द्धन गर्ने नीति लिईनु

**कृषि तथा पशु सेवा क्षेत्र :**

- दुध ,फूल, मासु उत्पादन बृद्धि गर्दै बजारीकरण प्रशोधन प्रबर्द्धन कार्यक्रममा जोड दिइएको ।
- गाउँ टोलका शिक्षित युवाहरुलाई बिदेश पलायन हुनबाट पशुपालन व्यवसायतिर आकर्षित गर्ने कार्य गर्न सुरु गरिएको ।
- कृषि, पशुपन्क्षी जन्य पेशालाई आर्थिक ,सामाजिक, भौगोलिक क्षेत्र, यूवा, महिला, दलित, जनजाती तथा विपन्न वर्ग लाइ स्वारोजगार बनाउदै व्यवसायिक आधुनिकरण गर्न पकेट क्षेत्र कार्यक्रम समेतलाइ आवश्यक अनुदानका कार्यक्रम कृषि फर्म सुदृढीकरणका लागि १० वटा गोठ सुधार, १४ वटा उन्नत जातका बाच्छी, २ वटा बोका, ५ वटा राँगा, २ वटा गोरु अनुदानमा वितरण गरि कृषि अनुदानको नीतिलाई तल्लो तहसम्म पुऱ्यायनु ।
- महिला उद्यमशीलताको लागि बंगुर/बाखा/तरकारी/फलफूल सम्बन्धी कार्यक्रम संचालन गर्ने नीति लिइनु ।

**शिक्षा क्षेत्र**

- समय सापेक्ष विद्यार्थीहरुको सिकाईमा सुधारका लागि सामुदायिक विद्यालयमा इन्टरनेट सुविधा शिक्षण सिकाई कार्यमा प्रविधिको प्रयोग, प्रभावकारी शिक्षणका लागी क्षमता विकास कार्यक्रम अन्तर्गत ICT सम्बन्धी तालिमका साथै आधारभूत तहका विद्यालयहरुमा कम्प्युटर प्रिन्टर शौचालय, खानेपानी, विद्युत व्यवस्थापन गर्ने नीति लिइनु ।
- विद्यार्थी संख्या धेरै भएका, अतिरिक्त कक्षा संचालन गरेका, अभिभावक विहिन अती विपन्न वालवालिकाको शिक्षाका लागि र तहगत रुपमा दरबन्दी नभएका विद्यालयहरुमा जनशक्ति व्यवस्थापन र अन्य रचनात्मक शैक्षिक कार्यक्रम संचालनका गर्ने नीति लिइनु ।
- छात्राहरुका विशेष समस्या पहिचान गर्न छात्रासँग उपाध्यक्ष कायक्रम विभिन्न जनजातीका मातृभाषा र लिपीको संरक्षण र सिकाई केन्द्र संचालनको नीति लिइनु ।
- शैक्षिक इतिहाँस, शैक्षिक क्षेत्रको सुधारमा भएमा कार्यहरुको दस्तावेजका रुपमा मिक्लाजुङ शैक्षिक पार्श्वचित्र निर्माण गर्ने नीति लिइनु ।

**युवा खेलकुद कला संस्कृति तथा रोजगार क्षेत्र**

- गाउँपालिकाका यूवालाई खेलकुदको माध्यमबाट अनुशासित बनाउदै दुर्व्यसन मुक्त बनाउन वडा स्तरीय खेल, धार्मिक सांस्कृतिक पर्वका अवसरमा आयोजना गरिने खेल जस्ता खेलकुद कार्यक्रमको विकासको नीति लिइनु
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी दर्ता भएका बेरोजगार लाई न्यूनतम रोजगारको प्रत्याभूति आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सिपमूलक तालिम सञ्चालन गर्ने नीति लिइनु ।
- कोरोना संक्रमणका कारण रोजगार गुमाएका विदेशबाट फर्किएका यूवाहरुको सिप र क्षमताको पहिचान गरी रोजगार सेवा केन्द्र मार्फत रोजगार बैंकको स्थापना गरि उत्पादनमूलक क्षेत्रमा Work For Food मामको लागि काम बमोजिम रोजगारीको अवसरहरु प्रदान गर्ने नीति लिइनु ।

**पर्यटन क्षेत्र**

- पर्यटकीय क्षेत्र, सीमसार तथा ताल तलैयाहरुको संरक्षण पर्यटन पूर्वाधारहरुको विकास र प्रवर्द्धन गर्ने नीति लिइनु ।
- स्थानिय मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थलहरुको पहिचान गरी संरक्षण र जीर्णोद्वार तथा सम्भव भएसम्म छायाङ्कन गर्ने नीति लिइनु ।

**स्वास्थ्य क्षेत्र**

- स्थानिय नागरिकहरुलाइ आधारभूत, भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण, बाह्रै महिना नि:शुल्क औषधीको आपूर्ति, वर्थिङ सेन्टरलाई व्यवस्थित, नियमित खोप कार्यक्रम, गाउँघर क्लिनिक कार्यक्रम, स्वास्थ्य कर्मी प्रोत्साहन, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन गर्दै १० शैयाको अस्पताल चाडो सञ्चालन गर्ने नीति लिइनु ।

## महिला तथा बालबालिका क्षेत्र

- लक्षित वर्गलाई ध्यानमा राखी सीपमुलक, आयमुलक, घरेलु हिंसा सचेतना, स्थानिय महिला जनशक्ति उत्पादन गर्न लोकसेवा कक्षा संचालन, जेष्ठ नागरिक सम्मान कार्यक्रम, अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम, समावेशी बाल क्लब गठन तथा परिचालन गर्ने लिइनु ।

## न्यायीक क्षेत्र

- नेपालको संविधानले दिएको अधिकार वमोजिम न्यायिक समितिद्धारा न्यायिक इजलास मार्फत न्याय सस्पादन कार्यक्रम, मेलमिलाप केन्द्र व्यवस्थापन, मेलमिलाप कर्ताहरुलाई पुनर्ताजकीय तालिम संचालन गर्ने नीति लिइनु ।

## खानेपानी तथा सरसफाई

- पहाड तथा तराई दुबै भूगोललाइ समेटि खानेपानीको दिर्घकालिन समाधानका लागि बहुवर्षिय योजना बनाई पहाडका स-साना श्रोतहरुको मर्मत साथै तराइमा डिप वोरिङ ओभरहेट ट्याङ्की, कैदले खानेपानी ट्याङ्की  निर्माण गर्ने नीति लिइनु ।

## सार्वजनिक निर्माण तर्फ

- केन्द्र सरकार, प्रदेश सरकार,  स्थानिय तह, नागरीकसँगको साझेदारीमा  यामचोक खोलिटार सडक कालोपत्रे, नाइटेपानी रिलायन्य सडक कालोपत्रे, मधुमल्ला तोरीबारी सडक कालोपत्रे, नुनसरी पारीको गौरवशाली सडक कालोपत्रे, छिडिभञ्ज्याङ्ग धुर्पाखोला गाउँ बाइसे सडक स्तरोन्नती, आइतबारे सडक स्तरोन्नती, मगरखोला वक्स कल्भर्ट निर्माण, आँपे खोला वक्स कल्भर्ट निर्माण, मिक्लु खोला बक्स कल्भर्ट निर्माण, कुईनेटार झोलुङ्गे पुल मर्मत, ग्रामिण सडक ढल संरक्षण तथा मर्मत, वडा नं. ९ को ट्रान्समिटर देखि उर्लाबारी सिमानासम्म ड्रेन निर्माण, गाउँपालिका प्रशासनिक भवन निर्माण, वडा कार्यालय भवन निर्माण, आवश्यक स-साना सिंचाई आयोजनाहरु निर्माण, एकीकृत वस्ती विकास कार्यक्रम, फुसको छानो हटाउने कार्यक्रम सञ्चालन गर्ने नीति लिइनु ।

## विद्युत तथा संचार

- विद्युतीकरण नपुगेका वस्तीहरु तथा विपन्न वर्गलाई वैकल्पिक उर्जाको व्यवस्था, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गर्दै  विकासका गतिविधिहरुलाई जनता सामु पुऱ्याई सुसूचित गर्ने साथै स्थानिय पत्रकारहरुको क्षामता विकास कार्यक्रम संचालन गर्ने नीति लिइनु ।

## वन तथा वातावरण संरक्षण तथा सरसफाई

- जलाधारका लागि चुरेको संरक्षणका लागि वन संरक्षण र वृक्षरोपण गर्दै पहाडी भू-भागको सडक पूर्वाधार निर्माण गर्दा वातावरणिय प्रभाब, बाढी पहिरो समेतलाइ ध्यानमा राखी वातावरण मैत्री निर्माणको व्यवस्था, फोहोर मैलाको दिर्घकालिन व्यवस्थापनका साथै ल्याण्डफिल्ड साइटको निर्माण गर्ने नीति लिइनु ।

**विपद व्यवस्थापन**

- बाढी पहिरो महामारि लगायतका विपद बाट नागरिकलाई सुरक्षित राख्न विपद व्यवस्थापन कोषको परिचालन गर्ने नीति लिइनु ।

**सेवा प्रवाह तथा क्षमता विकास**

- दैनिक प्रशासनिक सेवाहरु चुस्त, छिटो छरितो प्रदान गर्न संगठनात्मक सुधारका साथै सार्वजनिक खर्चलाई पारदर्शी बनाई जवाफदेहिता प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण जस्ता कार्यक्रम गर्ने नीति लिइनु ।
- कर्मचारीहरुले प्रवाह गर्ने सेवाको मूल्याङ्कन गर्दै उत्कृष्ट कर्मचारी घोषणा गरी पुरस्कृत गर्न वजेटको व्यवस्था गरेको छ ।
- प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग, रोजगारमैत्री पूर्वाधार विकासका साथै राजस्वको दायरा विस्तार गरी रोजगारमूलक आर्थिक वृद्धि गर्ने ।
- कृषिमा आधुनिक प्रविधिको प्रयोग गरी प्रतिव्यक्ति उत्पादन र उत्पादनकत्व वृद्धि गर्ने ।

## गाउँसभाले कार्यक्रम कार्यान्वयन गर्न तयार गरेका नीतिहरु

१) **पूर्वाधार विकासका नीतिहरु**

२) **सामाजिक विकास सम्बन्धि नीति**

- शिक्षा युवा तथा खेलकुद
- स्वास्थ्य

३) **लैङगिक समानता, सामाजिक सुरक्षा र समावेशिकरण सम्बन्धि नीति**

४) **आर्थिक विकास सम्बन्धि नीति**

- कृषि तथा सहकारी
- पशु/पंक्षी विकास
- उद्योग तथा वाणिज्य
- खानेपानी तथा सरसफाई सम्बन्धि नीति
- पर्यटन

- उद्यम प्रवर्द्धन, रोजगारी सिर्जना र आन्तरिक आय अभिबृद्धि

५) **वतावरण तथा बिपद् व्यवस्थापन सम्बन्धि नीति**

६) **संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासन**

**गाउँसभाबाट कार्यक्रम कार्यान्वयन गर्न योजनाहरुलाई प्राथमिकीकरण गरिएको छ।**

- बहुबर्षे योजनाहरु तथा रोजगारी बृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्रामिकता दिइनेछ
- कृषिको आधुनिकिकरण, उत्पादन, संकलन, भण्डारण तथा बजारीकरण प्रणाली सहज बनाउनका लागि प्राथमिकता दिइनेछ।
- शिक्षालाई गुणस्तरिय र पहुँच योग्य बनाउँदै प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ।
- पर्यटकीय स्थलको पहिचान र विकासमा प्राथमिकता दिइनेछ।
- सार्वजनिक, निजि, सहकारी साझेदारी मार्फत हुने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- वडा कार्यलय तथा स्वास्थ्य चौकी भवन निर्माणलाई प्राथमिकता दिइनेछ।
- शुसासन प्रवर्द्धन तथा गाउँपालिका संचालनका लागि आवश्यक पर्ने कानुन निर्माणलाई प्राथमिकता दिइनेछ।
- लैङगिक समानता तथा समावेशीकरणलाई प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ

**आन्तरिक श्रोत व्यवस्थापनका लागि अनुसूचि तयार गरिएको छ :**

१) सम्पत्ति तथा मालपोत कर
२) सम्पती मूल्याङ्कनका दर
३) घरवहाल दररेटहरु
४) ह्रास कट्टी दररेट
५) घर जग्गाको मुल्याङ्कन दररेट
६) मालपोत दस्तुरको बक्यौता असुली दररेट
७) व्यवसाय कर
८) जडिबुटी, कृषि, तथा वनजन्य,कवाडी र जिवजन्तु निकासी कर दस्तुर
९) सवारी साधन सुचिकृत दस्तुर
१०) विज्ञापन तथा होडिङ् बोर्ड
११) मनोरन्जन कर
१२) साप्ताहिक हटिया बहाल बिटौरी कर
१३) सेवाशुल्क दस्तुर
१४) सडक उपभोग शुल्क

१५) नदिजन्य पदार्थ बिक्रि मूल्य शुल्क जस्ता कर तथा शुल्कहरु अनुसूचिमा स्पष्ट व्यवस्था गरिनु सबल पक्ष देखिन्छ ।

**वार्षिक वजेट तथा योजना तर्जुमा तथा योजना प्राथमिकीकरण सम्बन्धि मार्गदर्शन, २०७६ बमोजिम**

**१. स्थानीय तहको प्राथमिकता तथा उद्देश्य :**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
- स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,
- भाषिक, साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने जस्ता योजनाहरु बस्ति स्तरबाटनै टोल विकास संस्था, वडा स्तरिय निर्वाचित प्रतिनिधि, सरोकारवाला सहितको छलफलबाट योजना छनोट गर्ने गरेको पाइयो यो पालिकाको विकासका लागि सवल पक्ष रहेको छ ।

## स्थानीय सरकार संचालन ऐन २०७४ (परिच्छेद ६ को दफा ४ देखि ६ सम्म) योजना तर्जुमा सम्बन्धी भएको व्यवस्था ।

- गाउँपालिकाले योजना बनाउँदा मध्यम तथा दिर्घकालिन प्रकृतिका योजनाको सूचि तयार गरेको पाइयो ।
- गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय टोल विकास संस्था, बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद्, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको सरोकारवालाहरुको अधिकतम सहभागिता गर्ने गरेको पाइयो
- योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गरेको पाइयो ।

- वडा समितिले प्राप्त आयोजना/कार्यक्रमहरुको प्राथमिकीकरण मापदण्डको आधारमा टोल वा बस्तीस्तरबाट प्राप्त कार्यक्रमहरुलाई निम्नानुसारका विषयगत समिति अनुसार छुट्याई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गरि पठाउने गरेको पाइयो । यो पालिकाको सबल पक्ष रहेको छ ।

**कार्यक्रम कार्यान्वयन प्रक्रिया**

**क) उपभोक्ता समिति गठन प्रक्रिया :**

- गाउँ सभाबाट पारित बजेट तथा कार्यक्रमहरुको कार्यन्वयनका लागि उपभोक्ता समिति गठन बस्ति स्तरमा जनप्रतिनिधिको रोहबर र टोलबिकास संस्था, सरोकारवाला, लक्षित वर्ग सहितको उपस्थितिमा समिति गठन हुने प्रक्रिया सबल रहेको छ ।

**ख) लागत सहभागिता :**

- उपभोक्ता समितिबाट संचालन गर्ने योजनामा उपभोक्ताको लागत सहभागिता अनिवार्य व्यवस्था हुनु सवल पक्ष रहेको छ ।

**ग) लागत स्टमेट :**

- प्राविधिकहरु योजना स्थलमा नै गई लागत स्टमेट गर्ने प्रक्रिया सबल पक्ष रहेको छ ।

**घ) पेश्की :**

- पेश्की बिना नै योजना संचालन हुनु सबल पक्ष रहेको छ ।

**ङ) अनुगमन :**

योजनामा प्राविधिक सहित उपाध्यक्षको टोलिले अनुगमन गर्ने परिपाटी सबल पक्ष रहेको छ ।

**च) सार्वजनिक परीक्षण :**

- हरेक योजनाको योजना सम्पन्न पश्चात सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहनु सबल पक्ष रहेको छ ।
- **छ) सूचना पाटीको व्यवस्था :**
- योजनामा लागत सहभागिता सहितको सूचना पाटीको व्यवस्था गर्नु सबल पक्ष रहेको छ ।

**ज) समयमा योजना छनौट प्रक्रिया :**

- समयमा नै वडा स्तरिय योजना छनौट गरि विषयगत समितिमा पठाई कार्यपालिकाको बैठकले अनुमोदन गरि सभाले पास गर्ने प्रक्रिया सबल देखिन्छ ।

**झ) गाउँसभा संचालन प्रक्रिया :**

- समयमा नै गाउँसभा सम्पन्न भएको देखिन्छ ।

**ञ) प्रकाशन तथा सूचना**

- गाउँसभाबाट पारित बजेट नीति तथा कार्यक्रम समयमा नै वेभसाइट, फेसबुक, बुकलेट प्रकाशन गरेको पाइयो
- आवस्यक सबै सूचनाहरु गाउँपालिकाको सूचना पाटी तथा वेभसाइटमा अध्यावधिक हुने गरेको पाइयो ।
- ठेक्का प्रक्रियाद्धारा संचालित योजना ई-बिडिङ् मार्फत गर्ने गरेको पाइयो ।

**ट) न्यायिक कार्य सम्पादनको अवस्था**

- जनताले न्यायमा अनुभूति गर्न सक्ने अवस्थाको ग्रामिण सर्वेक्षणबाट प्राप्त भएको छ ।

**ठ) वित्तिय एवम् आर्थिक व्यवस्थापन**

- कार्यालयको अभिलेख जाँचबाट केही सन्तोषजनक अवस्था पाइयो । सभा संचालन प्रक्रिया, कार्यापालिकाको निर्णय प्रक्रिया, निर्णयको सार्वजनिकीकरण, सम्पती विवरण, लेखा प्रणाली, प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति, बजेट तथा कार्यक्रम तर्जुमा, क्षेत्रगत बजेट सिलिङ, बजेट प्रस्तुती तथा स्विकृति, आन्तरिक आयको अवस्था, आन्तरिक श्रोत, रकमान्तर, प्रशासनिक खर्च, राजश्व संकलन, गुनासो फछ्र्यौट जस्ता कुरामा सुधार भएको देखिन्छ ।

**ड) वार्षिक वजेट तथा योजना व्यवस्थापन**

- वार्षिक वजेट तथा योजना व्यवस्थापन सुधारउन्मुख रहेको पाइयो ।

**ढ) वातावरण संरक्षण तथा विपत व्यवस्थापन**

- वातावरण संरक्षण तथा विपत व्यवस्थापन समग्रमा सन्तोषजनक रहेको पाइयो ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र :**

- गाउँपालिका, तथा पालिका भित्र रहेका शाखाहरुमा नागरिक वडापत्र, सूचना पाटी, उजुरी पेटीका राखेको पाइयो
- गाउँपालिकाका प्रत्येक वडाहरुमा नागरिक वडापत्र, सूचना पाटी, उजुरी पेटिका राखेको पाइयो ।
- समयमा नै सार्वजनिक परीक्षण गर्ने गरेको पाइयो ।
- सार्वजनिक सुनुवाई सम्पन्न गरेको पाइयो ।
- सामाजिक परीक्षण सम्पन्न गरेको पाइयो ।
- वार्षिक समिक्षा गर्ने गरेको पाइयो ।

**स्वास्थ्य क्षेत्र :**

- पालिका स्तरीय अस्पताल संचालनमा आई जनताले सर्वसुलभ स्वास्थ्य सेवा प्राप्त गरेको पाइयो ।
- ल्याब सेवा संचालन गरेको पाइयो ।
- महामारीजन्य रोगको व्यवस्थापन गरेको पाइयो ।
- बालबालिका सम्बन्धि ऐन २०७५ मा व्यवस्था भए-अनुसार **एकिकृत विद्युतिय प्रणालीको निर्माण** गरि व्यक्तिगत घटना दर्तालाई सबै वडाबाट राष्ट्रिय पञ्जिकरण विभागसंग जोडिएको पाइयो ।
- आन्तरिक लेखा परीक्षणबाट प्राप्त सुझावहरु कार्यान्वयन हुँदै गएको देखियो ।
- महालेखा परीक्षकले औल्याएका कमीकमजोरीहरुलाई सकेसम्म सुधार गर्दै गएको देखियो ।
- स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को 'च' को भावना अनुरुप तथ्याङ्कलाई अभिलेखिकरण गरि व्यवस्थित हुँदै गरेको पाइयो ।
- स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को 'त' अनुसार जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको व्यवस्थापन सम्बन्धि व्यवस्था भए-अनुसार जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७४ निर्माण गरि लागू भएको साथै सामाजिक सुरक्षा कार्यक्रम नाम दर्ता तथा विवरण अध्यावधिक गर्ने निर्देशिका २०७५ जारी गरिएको पाइयो ।
- बाल भेला मार्फत बालअधिकार संरक्षणका लागि काम गरेको पाईयो ।

- विपद् व्यवस्थापनका लागि गाउँपालिकाले पूर्व तयारी गरेको पाईयो ।

## ७) सामाजिक परीक्षणबाट देखिएका उपलब्धिहरु :

- ❖ जनताको स्वास्थ्य सुरक्षाको मध्य नजर गर्दै ९ वटै वडामा स्वास्थ्य संस्था स्थापना भई सेवा प्रवाह भएको । संस्थागत सुत्केरी तथा सुरक्षित जन्मका लागि २ वटा बर्थिङ् सेन्टर तथा ल्याव सेवा र उपचारका लागि आन्तरिक व्यवस्थापनबाट नै मेडिकल अफिसर सहितको मधुमल्ला अस्पताल सञ्चालनमा आउन सफल भएको साथै विशेषज्ञ सेवा समेत प्रवाह गर्ने सोचमा रहनु ।
- ❖ पूर्णखोप सुनिश्चतता, प्रोटोकल गर्भवती जाँच सेवा, पोषणका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा रहेको ।
- ❖ महामारी नियन्त्रण तथा अन्य विपद् व्यवस्थापनका लागि प्राथमिकताका साथ श्रोत छुट्याइने नीतिमा नै व्यवस्था हुनु ।
- ❖ पालिकाका ९ वटै वडा कार्यालयको भौतिक संरचना निर्माण गरी पानी, बिजुली, इन्टरनेट सहितको सेवा प्रवाहका साथै अनलानइन बिलिङ्, अनलानइन घटना दर्ता समेतको कार्य भएको देखिन्छ ।
- बाह्रै महिना यातायातको पहुँच स्थापित गर्न केन्द्र सरकार, प्रदेश सरकार, स्थानिय तह, नागरीकसँगको साझेदारीमा यामचोक खोलिटार सडक कालोपत्रे, नाइटेपानी रिलायन्य सडक कालोपत्रे, मधुमल्ला तोरीबारी सडक कालोपत्रे, नुनसरी पारीको गौरवशाली सडक कालोपत्रे, छिडिभञ्ज्याङ्ग धुर्पाखोला गाउँ बाइसे सडक स्तरोन्नती, आइतबारे सडक स्तरोन्नती, मगरखोला वक्स कल्भर्ट निर्माण, आँपे खोला वक्स कल्भर्ट निर्माण, मिक्लु खोला बक्स कल्भर्ट निर्माण, कुईनेटार झोलुङ्गे पुल मर्मत, ग्रामिण सडक ढल संरक्षण तथा मर्मत, वडा नं. ९ को ट्रान्समिटर देखि उर्लाबारी सिमानासम्म ड्रेन निर्माण, गाउँपालिका प्रशासनिक भवन निर्माण, वडा कार्यालय भवन निर्माण, आवश्यक स-साना सिंचाई आयोजनाहरु निर्माण, एकीकृत वस्ती विकास कार्यक्रम, फुसको छानो हटाउने कार्यक्रम साथै मोटरेवल पुल समेत निर्माण भएको देखिन्छ ।

- ❖ जन्म देखि नै हुने अपाङ्गता रोकथामको कार्य प्रभावकारी रुपमा संचालनमा आउनु, गर्भवती महिलाहरुलाई निःशुल्क घुम्ती भिडियो एक्सरे सेवा उपलब्ध गराउनु ।
- ❖ स्वास्थ्य संस्थाहरुलाई सुदृढिकरण गर्न विभिन्न सहयोगात्मक एवं व्यवस्थापकीय क्षेत्रमा विशेष कार्यक्रम संचालन गरिनु ।
- ❖ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनमा ल्याउन बजेटको व्यवस्था गरि कार्यान्वयनमा आउनु ।
- ❖ अभिभावक विहिन विद्यार्थी (आमा बाबु दुवै नहुने १२१ जना र बाबु वा आमा नहुने ७२० जनाको सिकाइ सहयोगका लागि छात्रवृत्ति कार्यक्रम र निःशुल्क शैक्षिक सामग्री वितरण गरिएको ।
- ❖ विद्यालयहरुको यथार्थ अवस्थिति पत्ता लगाउनका लागि सबै विद्यालयलाई गुगल म्यापमा लोकेट गरी IEMIS DATA सँग आवद्ध गरिएको ।
- ❖ विद्यालयहरुको सुरक्षाका लागि ७ वटा मा.वि. मा IPS CC Camera जडान गरिएको ।

- प्राविधिक शिक्षाको विकास र विस्तार गरी प्राविधिक धार तर्फ ४८ जना विद्यार्थीले सिभिल इन्जिनियरिङ कक्षामा अध्ययन गर्न सुरु गरेको ।
- उच्च शिक्षालाई थप व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न क्याम्पस संचालनका लागि मनोहर जनता मा.वि.को जग्गामा ६ कोठे पक्की भवन, पुस्तकालय, शौचालय सहितको पूर्वाधार तयार गरिएको
- स्थानीय भाषा संरक्षण र प्रवर्द्धनका लागि किराँत भाषा र लिपी संरक्षणका लागि वडा नं. ८ मा भाषा कक्षा संचालन गरिएको ।
- विद्यार्थी कम भएका, एक आपसमा भौतिक रुपमा नजिक रहेका विद्यालयलाई सम्भाव्यता अध्ययनको आधारमा कक्षा घटाउने, एक आपसमा समायोजन गर्दै ठूला विद्यालयको स्थापना र विकासमा जोड दिने साथै आवसिय विद्यालय विकट भूगोलका कारण घरबाट आउने दुरी धेरै भएको टाँडी मा.वि. रमितेखोला र धेरै विद्यार्थी भएको कालिका मा.वि. मिक्लाजुङमा विद्यार्थी आवास व्यवस्थापन गरिएको
- फलफूल तथा नगदेबालीबाट आत्मनिर्भरताका लागि मेकाडेमिया नट (जापानिज नट) को खेतिको अनुसन्धान प्रारम्भ गरिएको ।
- तरकारी पकेट वडा नं ४ सँगै यस आर्थिक वर्षमा प्रतिवेदन तयार गर्दासम्म वडा नं. १ मा बंगुर पकेट, वडा नं. ६ र ९ मा धान पकेट कार्यक्रम सञ्चालनमा आएको देखिन्छ ।
- कृषकहरुले प्रयोग गर्दै आएका बढी लागत लाग्ने प्रविधिको सट्टा कम लागत लाग्ने बढी उत्पादनशील आधुनिक कृषि औजार उपकरण अनुदानमा २२ वटा डिप बोरिङ, २३ वटा च्याप कटर, ३३ वटा मकै छोडाउने मेसिन, ९ वटा मिनि ट्रिलर, सिँचाई पाइप लगायत विभिन्न कृषि सामग्री वितरण भएको ।
- बढी उत्पादन हुने उन्नत जातको धानको बिउ ९ टन वितरण गरिएको ।
- युवावर्गहरुलाई सामुहिक खेति प्रणालीमा अनुदानको व्यवस्था नीतिगत रुपमा सुरुवात भएको ।
- भूमिको उत्पादन र उत्पादकत्व बृद्धिका लागि पकेट कार्यक्रमलाई लागू गर्ने नीतिगत रुपमा व्यवस्था भएको ।
- पालिका भरिका कृषक छनोट गरी कृषि फर्म सुदृढीकरणका लागि १० वटा गोठ सुधार, १४ वटा उन्नत जातका बाच्छी, २ वटा बोका, ५ वटा राँगा, २ वटा गोरु अनुदानमा वितरण गरिएको ।
- घाँसका विऊ विजन, औषधि वितरण कार्यलाई पहिलो प्राथमिकतामा राखिएको ।
- दुध ,फूल, मासु उत्पादन बृद्धि गर्दै बजारीकरण प्रशोधन प्रबर्द्धन कार्यक्रममा जोड दिइएको ।
- गाउँ टोलका शिक्षित युवाहरुलाई बिदेश पलायन हुनबाट पशुपालन व्यवसायतिर आकर्षित गर्ने कार्य गर्न सुरु गरिएको ।
- शुद्ध खानेपानीका लागि संघीय सरकार, प्रदेश सरकार, साना शहकारी खानेपानी आयोजनासगँको सहकार्य सुरुवात भएको ।
- डिप वोर्डिङ मार्फत पानीको आपूर्ति बढाउने मुहान संरक्षण तथा व्यवस्थापकको कार्यमा तिव्रता आएका

## (८) सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमी कमजोरीहरु

- ❖ आवधिक योजना निर्माण सम्पन्न भए पनि उक्त योजना वार्षिक योजनासँग जोडिएर नआएको देखिन्छ
- ❖ मध्यकालिन खर्च संरचना निर्माण नभएको देखिन्छ ।

  मिक्लाजुङ गाउँपालिकाका पहाडी इलाकाका वडा नम्बर १, २, ३, ४ र ५ का केही विकट क्षेत्रका बालबालिका अझै पनि १ घण्टा भित्र आधारभूत विद्यालयको झण्डै २५% बालबालिका विद्यालयको पहुँचमा नहुनु ।
- ❖ पहाडी क्षेत्रका सञ्चालित योजना सडक पूर्वाधार योजना संचालन गर्दा वातावरणिय प्रभाव मूल्याङकनको विश्लेषण नगरी योजना संचालन गर्दा प्राकृतिक प्रकोपको जोखिम देखिन्छ ।
- ❖ वडा नं १, २, ३, ४, र ५ का केही बस्तिहरु छरिएर रहेका र विकासको मूल प्रवाहमा ल्याउन ठूलो लगानी गर्नुपर्ने अवस्था देखिन्छ त्यस्ता वस्तिहरुलाई एकिकृत बस्ति विकास योजनामा समेट्न नसकिएको
- ❖ १, २, ३, ४, र ५ वडाका नागरिक आधा घण्टाभित्र केहि प्रतिशत अझै पनि आधारभूत स्वास्थ्यको पहुँचमा आउन नसक्नु ।
- ❖ कक्षा १ को भर्ना दर कक्षा ८ को पास हुने दर र कक्षा छोड्ने दर केहि प्रतिशत देखिनु ।
- ❖ सञ्चालन भएका तालिम लगायत कार्यक्रमको यथेष्ट अनुगमन नहुँदा स्वारोजगार बन्न नसक्नु ।
- ❖ वडाकै कार्यक्रममा कृषि विकास, स्वास्थ्य र शिक्षा विकासलाई यथेष्ट ध्यान पुर्‍याउन नसक्नु ।
- ❖ बजेट, नीति तथा कार्यक्रममा शाखागत छलफल, विषय समितिगत छलफलको कम प्रयोग देखिनु
- ❖ नीति अनुरुप  कार्यक्रम र बजेटको बिच मुल सारतत्व आउन नसक्नु ।

## भौतिक पूर्वाधार तर्फ भएका कमजोरीहरु :

१. दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणमा ध्यान नपुगेको ।
२. वार्षिक बजेटको कार्यान्वयनको प्रगति समिक्षामा यथेष्ट ध्यान नपुगेको ।
३. स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणमा यथेष्ट ध्यान नपुगेको ।
४. जोखिम संबेदनशिल भू-उपयोग योजना साथै विपत जोखिम क्षेत्रको पहिचान र नक्साङ्कनमा ध्यान नपुगेको ।
५. सडक यातायात गुरु योजना अन्तरगत सडक पूर्वाधार, औधोगिक पूर्वाधार निर्माणमा यथेष्ट ध्यान नपुगेको ।
६. बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री पुर्वाधार प्रति सोच कम भएको ।

## सेवा प्रवाहमा भएका कमजोरीहरु :

१. विषयगत शाखाका जनशक्तिको काम कर्तब्य, अधिकार र जिम्मेवारीको कार्य विवरण र कर्मचारीहरुको कार्य सम्पादन सम्झौता नबनाइएको ।
२. प्रचलित कानुन अनुसार खरिद गुरु योजना र वार्षिक खरिद योजना तयारीका साथ कार्यन्वयन नभएको
३. घरेलु हिंसा अन्त्यका लागि बहस, पैरबी तथा चेतनामूलक अभियान पर्याप्त मात्रामा संचालन नभएको ।
४. लैङ्गिक उत्तरदायी बजेट परिक्षण नभएको ।

## संगठन तथा प्रशासनिक कमजोरीहरु :

१) आन्तरिक नियन्त्रण प्रणाली अन्तरगतका गतिविधिहरुमा यथेष्ट ध्यान कम पुगेको ।
२) वार्षिक बजेट तथा कार्यक्रम र आवधिक कार्यक्रम तर्जुमामा कम ध्यान पुगेको ।
३) निर्मित पूर्वाधारको उपभोग र दिगो व्यवस्थापनमा कम ध्यान पुगेको ।

## सामाजिक समाबेशीकरणमा भएका कमजोरीहरु :

- ❖ सामाजिक समाबेशीकरणमा भएका कार्य सम्पादनका सूचकहरु समय सापेक्ष पूर्ण कार्यान्वयनमा कठिनाई रहेको देखियो ।
- ❖ अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम बाट मातृशिशु एवं बाल स्वास्थ्य प्रर्वद्धन गरी जन्मजात तथा जन्मपश्चात हुने अपांगता न्यूनिकरण गर्दै अपांगता भएका व्यक्तिहरु सहितको समावेशी समाजको निर्माण गर्ने उदेश्य अनुरुप मोबाइल स्वास्थ्य र शुभकामना कार्ड प्रति द्रुत गतिमा कार्य सञ्चालनमा कमि देखियो ।
- ❖ पालिका स्तरिय बाल संरक्षण समिति, बाल स्न्जाल, बाल क्लवका गतिबिधि कम सक्रिय रहेको देखियो
- ❖ फोहोरलाइ मोहोरमा बदल्न प्रयाप्त काम हुन नसकेको ।
- ❖ सुरक्षित मातृत्वा कार्यक्रम अर्न्तगत गर्भजाँचको प्रोटोकल भिजिट, संस्थागत सुत्केरीको अवस्था, सुत्केरी जाँच र नवजात शिशु जाँच पर्तालको रेकर्ड सन्तोसजनक नरहेको पाइयो ।
- ❖ जुन प्रतिबद्धता जनाइएको थियो सो अनुसार बजार अनुगमनमा प्रयाप्त समय नछुट्याइएको पाइयो ।
- ❖ पहाडी क्षेत्रको उत्पादन अम्लिसो, अदुवा, केरा, तेजपत्ता जस्ता बालिहरुको उचित भण्डारण र कृषकलाइ उचित मुल्यमा समस्य रहनु ।
- ❖ गाउँपालिकाको स्वामित्वमा रहि उपयोगमा आउन नसकेका जग्गाहरु व्यबस्थित गर्नुपर्ने तथा भौतिक पूर्वाधार सम्पतीहरुलाई प्रयोगमा ल्याउन नसकिएको ।
- ❖ योजनाहरु साना अधिक हुनाले प्राविधिक अनुगमन तथा मूल्यांकन निरिक्षणमा प्रयाप्त समय कम भएको
- ❖ खोला उत्खनन् र उत्खनन् पछिको जोखिम न्यूनिकरणका लागि खोला धारमा दिर्घकालिन तटबन्धनको कार्य योजना पर्याप्त आउन नसक्नु ।
- ❖ पहाडी इलाकाका योजना सञ्चालन गर्दा कम लाभग्राही र बढी लगानी हुने र योजना सञ्चालनबाट विपद् समेत निम्तिने हुँदा बस्तीहरुलाई दिर्घकालिन समाधान दिन नसकिएको ।
- ❖ मानव स्वास्थ्यका लागि चाहिने शुद्ध पिउने पानीको यथेष्ठ प्रवन्ध गर्न नसकिएको ।

- ❖ पहाडि भु-भाग र खोचमा उत्पादित खसी, सुँगुर, बगुँर, राँगाको उत्पादित मासुको उचित बजारीकरणको व्यवस्थापन हुन नसकेको ।
- ❖ पर्यटकीय संभावना बोकेको गाँउपालिका भएको तर, पर्यटनको वृहत गुरु योजना निर्माण हुन नसक्दा आन्तरिक आय र पर्यटक भित्रिने कुरामा कमि भएको देखियो ।

## (९) सामाजिक जिम्मेवारी पुरा गर्न गाउँपालिकाले चाल्नुपर्ने कदम तथा सुझावहरु :

- ❖ आवधिक योजना र मध्यकालिन खर्च संरचना निर्माण सम्पन्न भएकोले पञ्चवर्षिय योजनासँग वार्षिक नीति कार्यक्रमलाई जोड्दै जान आवस्यक देखिन्छ साथै मध्यकालिन खर्च संरचना प्रणालीमा जोड्न तयार भएका जनशक्तिलाई आवस्यक जिम्मेवारी प्रदान गर्न आवस्यक देखिन्छ ।
- ❖ मिक्लाजुङको पहाडी भू-भागमा अनुसन्धानमा रहेको फल मेकाडेमिया नट (जापानिज नट) र वडा नं. ५ र ८ को सुपारी, वडा नं. ४ को तरकारी, टाँडीको केरालाई विशेष ब्राण्डिङ् गरी आय-आर्जन भित्र्याउन आवस्यक देखिन्छ ।
- ❖ कृषि पर्यटन सहितको पूर्वधार गाउँपालिकाको मुल आधारको नीति निर्माण गरी १ वडा १ बालीलाई प्रथामिकतामा राख्दै अगुवा कुषक र वडाको सम्भावित उत्पादन विषयमा छलफल गरी सम्भावना आधारमा बाली पहिचान गर्न आवश्यक देखिन्छ ।
- ❖ व्यावसायिक कृषि उत्पादनका लागि माटोको प्राङ्गारिक अवस्था, PH लेवलको अवस्था हेरी आवश्यक भए माटो सुधार कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- ❖ हाल तरकारी तथा फलफूल उत्पादन भइ रहेको वडा वा पकेट क्षेत्रमा प्रविधि, प्राविधिक र उचित बजारीकरण र भण्डारण गरी कृषकहरुलाई आत्मामनोवल बढाउने कार्यक्रम संचालन गरी कृषि र उत्पादन प्रति आकर्षण बढाउने कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ ।
- ❖ हाल उत्पादन भइरहेको अम्लिसो ,तरकारी, गहत, मास, कोदो, मकै र स्थानिय धानलाई कृषकसँग आवश्यक परामर्ष गरी मिक्लाजुङको कोसेलीको परिकल्पना गर्न आवश्यक देखिन्छ ।

१) बालि विकासका लागि माटो सुधार कार्यक्रम

२) नगदेबाली कार्यक्रम

३) फलफूल विकास कार्यक्रम

४) कृषि यान्त्रिकरण कार्यक्रम

- ➢ बजार विस्तार तथा कोसेली घर कार्यक्रम बालि संरक्षण तथा विपत लागि कृषि विमा कार्यक्रमलाई थप व्यवस्थित गदै कृषि उत्पादन कार्यक्रमलाई निर्यात योग्य बनाउन सुझाव दिइन्छ ।
- ➢ रैथाने बालिको संरक्षण गदै व्यवसायिक उत्पादनमा जान माटोको प्राङ्गारिक पनाको अवस्था अध्ययन गरी उत्पादन बढाउन आवश्यक देखिन्छ ।
- ➢ तराई र पहाड मिलेर बनेको पालिका भएकोले वर्षातको तरकारी पहाडले र हिउदको तरकारी तरकारी तराईले उत्पादन गरी आत्मानिर्भर बन्दै निर्यात योग्य पालीका बनाउन आवश्यक देखिन्छ ।
- ➢ तरकारी पकेट कार्यक्रमलाइ (वडा नं ४ लाई थप विस्तार गदै) उत्पादन र निर्यात सम्मको परिकल्पना गर्न आवश्यक देखिन्छ ।
- ➢ पहाडी भू-भागमा एवोकाडो व्यवसायिक खेतका लागि सम्भाव्यताको खोजी गर्न आवश्यक देखिन्छ ।

- तरकारी तथा बालि बिकास अन्तर्गत विज कार्यक्रम प्रभावकारी रुपमा अगाडी लैजानु पर्ने देखिन्छ

**पशु विकास कार्यक्रम**

१) पशु विकास कार्यक्रम
२) पशु स्वास्थ्य नियमन कार्यक्रम
३) पशु आहार सेवा कार्यक्रम

- पशु सेवा प्रसार कार्यक्रम लाई प्रभावकारी बनाइ मासु, दुध र फूलमा आत्मा निर्भर भई निर्यात योग्य पालिका तर्फ अगाडी जान आवश्यक देखिन्छ।
- यूवा लक्षित गाई पालन, बाख्रा पालन, वंगुर पालन तथा कुखुरा पालन व्यवसायलाई पकेट क्षेत्र विकास गरी विस्तार गर्न आवश्यक देखिन्छ।

**पर्यटन विकास**

- पर्यटकीय क्षेत्र गुरु योजना निर्माण गरी आन्तारिक तथा बाह्य पर्यटनको आकर्षक बढाउन सडक पूर्वाधार ,होटल, होमस्टेको आवश्यक थप पहल गर्नु पर्ने देखिन्छ।
- परामपरागत कला संस्कृति खोजी गरी आवश्यक सामाग्री र सम्वद्धन र प्रवर्द्धनमा जोड दिदै पर्यटनलाई आकर्षित गर्न आवश्यक देखिन्छ।
- पर्यटकहरुलाई आकर्षक कोसेली सामाग्री उपलव्ध गराई आयआर्जनको बाटो बनाउन आवश्यक देखिन्छ ।
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन गर्नको लागि पूर्वाधार विकासका कार्यक्रम संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्गनका आधारमा मात्र कार्य गर्न आवश्यक देखिन्छ।
- पहाडी भूभागका कारण प्रकृतिक विपद्ले ठूलो जनधनको क्षति गर्न सक्ने भएकोले चट्टानमा रहेको गर्मिय पानी चुहावट भई विरुवाका लागि चाहिने आवश्यक पानीको मात्रा घट्न गई फलफूल उत्पादनमा कमि आउन सक्ने भएकाले विपद् ऐन कानुन् कार्यविधि निमार्ण गरी विपद् जोखिम क्षेत्र पूर्व तयारी विपद् कोष विपद् समिती लगायतको सक्रियता आवश्यक देखिन्छ।
- विपद् पछिको उत्थान, राहत र पुर्नस्थापनाको मोडेल गृहकार्य गर्न आवश्यक देखिन्छ।
- राजश्वको दायरालाई फराकिलो बनाउन नागरिकहरुसगँ कर सम्वन्धी अर्न्तकृया, करको महत्व, करको उद्देश्य र नागरिकको भूमिका विषयमा कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ।
- खोला जन्य बस्तुको उत्खनन, चोरी,निकासी विषयमा दरिलो सम्यन्त्र निर्माण गरी आइइको आधारमा उत्खनन् र निकासी गदै त्यसबाट आउन सक्ने सम्भावतित जोखिमलाई तलैबाट स्थायी समाधानमा जानुपर्ने देखिन्छ।
- करको दायरामा आएका ठूला करदातालाई सम्मान आवश्यक देखिन्छ।
- ठूला कृषक र व्यावसायिक कृषकलाई सम्मान कार्यक्रममा जोड्न आवश्यक देखिन्छ।

**रोजगारी**

- ठूला उद्योग, विद्यालय, वैक, वित्तिय क्षेत्र रोजगार दाताहरु सगँको छलफल गरी थप रोजगार सिर्जना गर्ने वातावरण कसरी बनाउन सकिन्छ भन्ने कुरामा पहल गर्न आवश्यक देखिन्छ ।
- सहकारीको पुँजि, उत्पादन र रोजगारीलाई कसरी नागरिकहरुलाई सन्तुलित बनाई आवश्यक उत्पादनसगँ जोड् दिई पहल गर्न आवश्यक देखिन्छ ।
- संस्थागत क्षमता विकास पालिकाकाले तयार पारेको Onm को आधारमा जनशक्ति लोकसेवा आयोगसँग माग गर्दै स्थायी पदपूर्ति तर्फ अघि बढी पालिकाको दायित्व घटाउन आवश्यक छ ।
- सवै वडा,स्वस्थ्य संस्था,कृषि केन्द्र लगायत बाट जनताले सर्वसुलभ सेवा कसरी पाउन सक्छन् र सेवा प्रदापनले सहज सेवा कसरी दिन सकिन्छ ,भन्ने विषयमा आवश्यक परामर्श लगायतका कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ ।

**सुशासन**

- मध्यकालिन खर्च संरचनाका आधारमा खर्चको मितव्ययिता भ्रष्टाचारमा शून्य सहनशिलता र परादर्शिता कायम गर्दै समयमै सार्वजानिक सुनवाई, बुलेटीन प्रकाशन, वार्षिक समिक्षा, उजुरी पेटीका, नागरिक वडापत्र लगायतको बजेट व्यवस्थापन समय मै गर्न आवश्यक देखिन्छ ।
- वित्तिय सुशासन र आन्तारिक नियन्त्रण प्रणालीलाई बजबुत पार्न आवश्यक सुझाव दिइन्छ ।

**शिक्षा**

- विकट पहाडी भू-भाग र यातायातको सुविधा नभएकाका कारण अझैपनि पहाडी क्षेत्रमा पर्ने वडा नं. १ देखि ५ सम्म आधा घण्टाभित्र २५% बालबालिका विद्यालयसम्म नपुग्ने अवस्था विद्यमान रहेको छ यसलाई सुधार गर्न आवस्यक देखिन्छ ।
- आधारभूत तहमा कक्षा छोड्ने दर केहिमात्रा रहेकाले विभिन्न आकर्षक कार्यक्रम मार्फत कक्षा छोड्ने दरलाई शून्य बनाउने कार्यक्रम ल्याउन आवश्यक देखिन्छ ।
- माध्यमिक तहको शिक्षामा प्राविधिक धार विषयहरु आवश्यक मात्रामा थप गदै लैजान आवश्यक देखिन्छ ।
- विद्यालयमा वातावरण मैत्री, अपाङ्गतामैत्री, बालमैत्री पूर्वाधार निर्माण लागु गर्नु पर्ने देखिन्छ ।
- सवै विद्यालयमा शुद्ध पिउने पानी, बालमैत्री, आपाङ्गमैत्री शौचालयको व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।
- विद्यार्थी संख्या कम भएका र पहाडी भूभागमा रहेका विद्यालयलाई विद्यार्थीको पहुँच स्थापित गर्न आवासीय विद्यालय परिकल्पना गर्न आवश्यक देखिन्छ ।

- स्थानिय भाषा लिपि संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै स्थानिय पाठ्यक्रम लागु गर्न आवाश्यक देखिन्छ ।
- माध्यमिक तह र आधारभूत तहका विद्यालयहरुमा इन्टरनेट वैकल्पिक प्रविधि शिक्षाका लागि आवश्यक पूर्वाधार निर्माण कार्य गर्न आवश्यक देखिन्छ ।
- सवै विद्यालयको वार्षिक सामाजिक परीक्षण समय मै गर्न आवश्यक देखिन्छ ।
- बाल विकास केन्द्रका सहजकर्ताहरुको आवश्यक क्षमता विकास र उचित पारिश्रमिकको व्यवस्था मिलाई बाल बिकास केन्द्रलाई थप सशक्त बनाउन पर्ने देखिन्छ ।
- शिक्षाको योजनावद्ध विकासमा ध्यान केन्द्रीत गरी शिक्षालाई सूचना सञ्चार प्रविधिसगँ आवद्ध गर्दै लगिनेछ र गुणस्तरीय शिक्षाको विकासमा जोड् दिने थप सक्रियता,थप लगानी र अनुगमनको आवश्यकता देखिन्छ ।
- उच्च शिक्षा र प्रविधिक शिक्षाको विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माणमा जोड् दिनु पर्ने देखिन्छ ।

**स्वास्थ्य**

- आधारभुत स्वस्थ्य सेवा नागरीकको सहज पहुँच योग्य बनाउन वडा नं १ देखि ५ नं वडाका केही बस्तीमा समस्या रहेकोले त्यस तर्फ कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ ।
- पालिका अस्पाताल, वर्थिङ्ग सेन्टर, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र बाट नागरिकलाइ आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न नागरिकले पाएको अनुभूति गरी हाम्रै स्वास्थ्य संस्थाबाट भरपर्दो र गुणस्तरिय सेवा प्राप्त हुन्छ, भन्ने सोच विकास हुने गरी जनशक्तिलाई आवश्यक तालिम, भ्रमण र उत्तरदायित्व बनाउन आवश्यक देखिन्छ ।
- समय सापेक्ष ल्यापको स्थापना, सुधार र नयाँ प्रविधि थप दक्ष जनशक्तिको व्यवस्थापनको लागि थप कार्यक्रम ल्याउन आवश्यक देखिन्छ ।
- खोज र खोपको नीतिलाई थप प्रभावकारी बनाई प्रोटोकल अनुसारको सवै खोपहरुमा आएको फरक तयाङ्कलाई विश्लेषण गरी आगामी दिनमा अगाडि बढ्न आवश्यक देखिन्छ ।
- घटना दर्ता विवाह दर्ता गरेसगै बच्चा योजनाको लागि शुभकामना कार्ड, ३ महिना अगाडि फोलिक एसिड चक्की दुवै जनाले खाई गर्भवस्थामा प्रोटोकल र भिजिट गराई संस्थागत सुत्केरी सगै बि.सि.जि. खोप प्रारम्भ गरी १५ महिनाको खोप पूरा गरी ३५ दिनमा जन्म दर्ता र पूर्ण खोप कार्ड सहित विद्यालयमा प्रवेशको तयाङ्क मेकानिजम बनाउन आवश्यक देखिन्छ ।
- सुरक्षित मातृ तथा प्रजनन् स्वास्थ्य कार्यक्रम
- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम
- क्षय रोग नियन्त्रण कार्यक्रम
- परिवार कल्याण कार्यक्रम
- एकिकृत बाल तथा स्वास्थ्य पोषण कार्यक्रम
- अपाङ्गता रोगथाम तथा कुष्टरोग नियन्त्रण कार्यक्रम
- अस्पताल निर्माण सुधार कार्यक्रम

- उपचारात्मक सेवा कार्यक्रम
- नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम
- स्वास्थ्य शिक्षा कार्यक्रम मार्फत नागरिकको स्वास्थ्य जीवन मापन र आधारभूत पहुँच स्थापित गर्न भईरहेको कार्यक्रमलाई थप सशक्त बनाई प्रभावकारी तथा गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच योग्य बनाउन अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

**(क) पूर्वाधार मैत्री लगानी समृद्ध र स्वरोजगार उन्मुख मिक्लकजुङ गाउँपालिका निर्माण गर्न आवश्यक देखिन्छ । जुन सुचक पुरा गर्न**

- शासकीय प्रवन्ध
- संगठन तथा प्रशासन
- वार्षिक बजेट तथा योजना व्यवस्थापन
- वित्तिय एवं आर्थिक व्यवस्थापन
- सामाजिक समावेशीकरण
- सेवा प्रवाह
- न्यायिक कार्य सम्पादन
- भौतिक पूर्वाधार
- वातावरण संरक्षण तथा विपत् व्यवस्थापन
- सहकार्य र समन्वयमा भएका स्व मूल्याङकन विषय क्षेत्रभित्रका पुरा हुन नसकेका सूचकहरुलाई सतप्रतिशत बनाउने लक्ष्यका साथ कदम चाल्नुपर्ने देखिन्छ र उक्त सुचकहरु पुरा हुन सके समृद्ध मिक्लाजुङ निर्माणमा टेवा पुग्नेछ ।

**(ख) पहाडी भूभाग, चुरे क्षेत्र, खोला तटिय क्षेत्रमा अवस्थित रहेको यस गाउँपालिकाले भौतिक पूर्वाधारका योजना संचालन गर्दा ।**

- वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका सुचकहरुलाई सतप्रतिशत नतिजामा लैजान सुझाव दिइन्छ र हाल प्राप्त नतिजा सुचकका आधारमा स्व मुल्याङकनमा ८० भन्दा माथि बनाउन सुझाव दिइन्छ ।

- सामाजिक न्याय र समावेशिताका आधारमा विकास निमार्ण र सेवा प्रवाह साथै वडा कार्यालय मार्फत विद्युतिय शुसासनमा अभिवृद्धि गरी जनतालाई सन्निकट राज्यको अनुभूति दिलाउने उद्देश्य सहितका कार्यक्रमहरुलाई सफल तुल्याउन ।

१) सामाजिक समावेशीकरण ।

२) सहकार्य र समन्वय ।

३) प्रशासकीय प्रवन्ध ।

४) सेवा प्रवाह भित्र रहेका सुचकहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्न सुझाव दिईन्छ ।

- प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग, रोजगारमैत्री पूर्वाधार विकासका साथै राजस्वको दायरा विस्तार गरी रोजगारमूलक आर्थिक वृद्धि गर्ने रणनीतिलाई सफल बनाउन ।

१) वातावरण संरक्षण तथा विपद् व्यवस्थापन ।

२) वार्षिक बजेट तथा योजना व्यवस्थापन ।

३) अर्थपूर्ण बाल सहभागिता बालमैत्री स्थानीय शासन हाम्रो प्रतिवद्धता भन्ने नारा नीतिमा समावेश गरी कार्यक्रम कार्यन्वयनमा लैजान सुझाव दिइन्छ ।

४) प्रोजेक्ट बैंक स्थापना गरि संघ तथा प्रदेशमा पठाउने भनिएपनि संघ तथा प्रदेशका ठोस कार्यक्रम आउन नसकेको हुँदा त्यस तर्फ पहल गर्न सुझाव दिइन्छ ।

५) फोहोरमैला व्यवस्थापन ऐनको परिच्छेद २ अनुसार फोहोरमैला व्यवस्थापन गर्न थालिए पनि परिच्छेद ४ को फोहोर मैला व्यवस्थापनमा निजि तथा सामुदयिक क्षेत्रलाई पनि प्रभावकारी ढंगले लैजान नसकिएको त्यसै गरि परिच्छेद ६ को प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धि व्यवस्था पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

६) योजना छनौट गर्दा संचालित योजना दिर्घकालिन तथा लिङ्क योजनाको रुपमा छनौट गर्नुपर्ने ।

७) सामाजिक एवम् आर्थिक दृष्टिकोणले कमजोर तथा तुलानात्मक रुपमा विकासको मुल प्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान हुने खालका योजना संचालन गर्नुपर्ने ।

८) खुलादिशा मुक्त गाउँपालिका घोषण भई सकेको भएपनि पूर्ण सरसफाई कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरि शौचालय प्रयोग तथा थप शौचालय निर्माणमा जोड दिनुपर्ने ।

९) मिक्लाजुङ गाउँपालिकामा नगदे बालि, मासु उत्पादन, केरा उत्पादन, अम्लिसो उत्पादन, तरकारी उत्पादन, प्राकृतिक स्रोत ढुङ्गा, गिटी, बालुवा निकासीको प्रशस्त सम्भाबना रहेका कारण दिर्घकालिन बिकासका लागि आबधिक योजना र मध्यकालिन खर्च संरचना निर्माण गरी कार्यान्वायन गनुपर्ने देखिन्छ ।

सामाजिक परीक्षकको नाम :.............................................

दस्तखत :................................

संस्थाको नाम...................................................................

मिति ..........................